जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

विप्लवले १० कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूलाई... पृष्ठ ५ मा

वर्ष २५ • अंक ३२५ • २०८० साल बैशाख ८ गते शुक्रबार (21 April, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

पूर्व अध्यक्षसहित २३ जनाविरुद्ध मुद्दा दायर

टुडे समाचारदाता

लहान । सिरहाको लक्ष्मीपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष रामबल्लभ साहसहित २३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

गाउँपालिकाको वडा नं. ४ स्थित धन्छुवारको पश्चिम कटनिया नयाँ नदीमा पुल/कलभर्ट निर्माणका लागि विनियोजन भएको रकमबाट सामान्य रूपमा निर्माण कार्य गरी ठूलो रकम भ्रष्टाचार गरेको उनीहरुमाथि आरोप छ।

आर्थिक वर्ष २०७५/०७६ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत रकम स्वीकृत भएर निर्माण योजनाको जिम्मा गाउँपालिकाबाट विष्णुदेव यादव अध्यक्ष रहेको उपभोक्ता समितिले प्राप्त गरेको थियो । त्यसको निर्माण सम्पन्न नगरी कार्य अलपत्र छाडिएको थियो । सोको अर्को उपभोक्ता समितिबाट निर्माण कार्य हुँदा पनि रकम हिनामिना गरेको आरोप छ।

दोम्रोपटक पुल निर्माण गर्दा डिजाइनसमेत नगरी ड्रइङ्ग परिवर्तन गरी तोकिएको मितिमा योजनाहरु सम्पन्न नगरी संरचनामा न्यून गुणस्तरको निर्माण कार्य गरी दुबै योजनाहरु सम्पन्न गर्न नमिल्ने अवस्थामा रहेको भन्दै आयोगले आरोपपत्र दर्ता गरेको छ।

तत्कालीन अध्यक्ष साह/उपाध्यक्ष आशादेवी यादव, प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र कुमार महत, लेखापाल इन्द्र कुमार कर्ण, वडा नम्बर ४ का वडा अध्यक्ष विद्यानन्द साह, सचिव रामनारायण मण्डलसहित २३ जनाविरुद्ध विगो दाबीसहित मुद्दा दायर भएको छ।

उनीहरुले भुक्तानी दिन नै नमिल्ने उपभोक्ता समितिलाई भुक्तानी दिएका थिए । दुई समिति बनाएर त्यहाँ काम अगाडि बढाए पनि अलपत्र छोडेर पूरा भुक्तानी लिएको देखिन्छ । जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी र उपभोक्ता समिति मिलेर बजेट अपचलन गरेको अख्तियारको ठहर छ।

अख्तियारले यस मुद्दामा संलग्न अध्यक्ष र उपाध्यक्षमाथि ३१ लाख ७४ हजार चार सय ६७, प्रशासकीय अधिकृत, लेखापाल, वडा अध्यक्ष र वडा सचिवमाथि पाँच लाख २८ हजार चार सय ४०, उपभोक्ता समितिको अध्यक्ष विष्णुदेव यादव, कोषाध्यक्ष जलास कुमार दनुवार, सचिव महादेव यादव र ॐ शान्ति इन्जिनियरिङ कन्सलटेन्सी निर्माण कम्पनीका इन्जिनियर इन्द्र नारायण साह विरुद्ध पाँच लाख २८ हजार चार सय ४० रुपैयाँको विगो दाबी गरिएको छ।

जसपाको पक्षमा अप्रत्याशित लहर

एमाले, जनमत, रास्वपा र आजपाको तालमेलको सम्भावना समाप्त

सिकेन्द्र पासवान

बारा । बैशाख १० गते हुने प्रतिनिधिसभाको उप निर्वाचनका लागि बिहीबार बारा निर्वाचन क्षेत्र नम्बर दुईको महागढीमाईमा आयोजना गरिएको विशाल आमसभामा जसपाको पक्षमा अप्रत्याशित लहर देखिएको छ।

गठबन्धनले अपेक्षा गरेको भन्दा बढी स्थानीयवासी तथा नेता कार्यकर्ताहरुको उपस्थितिले विपक्षीहरुले बनाएको योजना विफल हुने संकेत दिएको छ। गत मंसिरमा सम्पन्न प्रतिनिधिसभाको चुनावमा विजयी भएका रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि बैशाख १० गते सो क्षेत्रमा निर्वाचन हुन लागेको छ।

यस पटक गठबन्धनले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई उम्मेदवार बनाएका छन् । बिहीबार आयोजना गरिएको विशाल आमसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई सरकारले प्राथमिकता दिएको बताए ।उनले भने, "विमानस्थल निर्माण सम्बन्धी सबै प्रक्रिया शुरु भइसकेको छ, चाँडै शिलान्यास हुन्छ र निर्माणको काम अगाडि बढ्छ।"

मुलुकको विकास र समृद्धिमा ठूलो टेवा पुग्ने भएकाले निजगढ विमानस्थलको छिट्टै शिलान्यास गरी निर्माण कार्य अघि बढाइने उनको भनाइ थियो। पशुपति विकास कोष र लुम्बिनी विकास कोष जस्तै बाराको गढीमाई क्षेत्रलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न गढीमाई विकास कोष स्थापना गरिने घोषणा गर्दै प्रधानमन्त्री दाहालले यसबाट गढीमाई क्षेत्रको मात्र नभइ मुलुककै पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गरे।

हाल बन्द रहेको मटियर्वा भन्सारलाई सञ्चालन गर्न सरकारले तयारी थालेको र छिट्टै भन्सार सञ्चालनमा आउने उनको भनाइ थियो । विगतमा प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनबाट पारित गरेर प्रमाणीकरणका लागि पठाउँदासमेत राष्ट्रपतिले नागरिकता विधेयक रोकेका कारण नागरिकता समस्या समाधान हुन नसकेको उल्लेख गर्दै उनले अब छिट्टै पुनः दुबै सदनबाट नागरिकता विधेयक पारित गरी नागरिकता वितरणलाई सहज बनाइने बताए।

संविधानको रक्षा गर्नका लागि नै पाँचदलीय गठबन्धन भएको जिकिर गर्दै नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालले राष्ट्रिय एकता दिगो शान्ति, विकास, समृद्धि सरकारको पहिलो प्राथमिकता भएको उल्लेख गरे । सङ्घीयता, समावेशिता र गणतन्त्रको रक्षाका लागि आन्दोलनको बलमा गठबन्धन बनेको चर्चा गर्दै प्रधानमन्त्री दाहालले गठबन्धन पूरै पाँच वर्ष चल्नेमा ढुक्क रहेको बताए। मुलुकको अर्थतन्त्र धर्मराएको बेला आफू प्रधानमन्त्री भएको उल्लेख गर्दै उनले पछिल्लो समय मुलुकको अर्थतन्त्रले पुनः गति लिन थालेको बताए।

समावेशिता, सङ्घीयता, गणतन्त्रजस्ता परिवर्तनलाई संस्थागत गर्न जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवको प्रतिनिधिसभामा उपस्थिति आवश्यक रहेको औंल्याउदै उनले जसपा अध्यक्षको जित सिङ्गो मुलुकको जित हुने भएकाले जिताउन मतदातासँग आग्रहसमेत गरे।

कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं नेपाली काग्रेसका सभापति शेरबहादुर देउवाले लोकतन्त्रलाई सिध्याउने षड्यन्त्र भइरहेकाले षड्यन्त्रलाई चिर्न र संविधानको रक्षाका लागि गठबन्धनलाई जिताउनुको विकल्प नरहेको बताए।

मधेशप्रति समर्पित नेताका रूपमा रहेका जसपा अध्यक्ष यादवलाई पाँच वर्ष काम गर्ने अवसर दिन मतदातासंग आग्रह गर्दै उनले निर्वाचनपछि बाराको विकास निर्माणले गति लिने विश्वास व्यक्त गरे।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा स्थायित्व कायम गर्न र कानूनी राज्यलाई परिपालना गराउने दिशामा यो गठबन्धन लागिपरेको बताए । "मुलुक बनाउन, संविधानको रक्षा गर्न, जनतालाई न्याय दिलाउन पाँचदलीय गठबन्धन बनेको हो", पूर्वप्रधानमन्त्री नेपालले भने, "विगतमा संविधानलाई समाप्त पार्न र मुलुकलाई बर्बाद गर्न के-के भयो ? भन्ने कुरा हामी सबैलाई थाहै छ, यदि त्यतिखेर गठबन्धन नभएको भए मुलुक बर्बाद भइसकेको हुन्थ्यो", उनले भने।

निजगढ विमानस्थल निर्माणलाई प्राथमिकता दिन प्रधानमन्त्रीसंग आग्रह गर्दै उनले गठबन्धनको नेता जसपा अध्यक्ष यादव चुनाव जितेर आएपछि यहाँका जनताको इच्छा पूरा हुने दाबीसमेत गरे।

आमसभामा पाँचदलीय गठबन्धनका तर्फबाट बारा निर्वाचन क्षेत्र नं २ का उम्मेदवार तथा जसपाका अध्यक्ष यादवले यस क्षेत्रको शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सडकलगायतका समग्र विकासलाई अघि बढाउने बताए। निजगढ विमानस्थल निर्माण, भारतीय सीमा नाकादेखि राजमार्गसम्मको सडकलाई चार लेनमा स्तरोन्नति गर्ने, किसानलाई सिँचाइ र घरबारविहीन परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने आफ्नो प्रमुख एजेण्डा भएको प्रष्ट पारे।

लोसपाका नेता तथा प्रदेशसभा सदस्य जितेन्द्र सोनलले तराई मधेशको समस्या अहिलेको गठबन्धनले नै समाधान गर्ने दाबी गरे।

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

मानसिक फूर्ति शारीरिक शक्ति आयोडिनयुक्त नून

"थोरै खाऔं, सही मात्रामा खाऔं,
दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु

जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु

आँखाको गेडी दुख्नु

बेस्सरी टाउको दुख्नु

शरीरमा राता बिमिराहरु आउनु

वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

धनौजी गाउँपालिका
धनौजी, धनुषा, मधेश प्रदेश

आमाको मुख हेर्ने दिन अन्धाअन्धी स्थानमा भक्तजनको घुँइचो

जलेश्वर । मातातीर्थ औँसी अर्थात् आमाको मुख हेर्ने दिनमा बिहीबार बिहानैदेखि महोत्तरी जिल्लाको लोहारपट्टी नगरपालिकाको बगडा गाउँस्थित प्रसिद्ध ऐतिहासिक अन्धाअन्धी स्थानमा भक्तजनको घुइँचो लागेको छ ।

आमाबुवालाई भगवान्को स्वरुपको रूपमा लिइएमानिने सो स्थानमा बिहीबार आमाको मुख हेर्ने दिन भक्तजनको घुँइचो लागेको हो ।

जिल्लाको उत्तरपूर्व कुनामा धनुषा जिल्लासँग जोडिएको लोहारपट्टी नगरपालिकाको वडा नं १ बगडामा अवस्थित रामायणकालीन अन्धाअन्धी स्थल पौराणिक एवं धार्मिक महत्वको रहेकाले यहाँ हजारौँ महिला पुरुष दर्शनका लागि आएको स्थानीय रामकृष्ण यादवले बताउनुभयो ।

द्वापर युगमा श्रवणकुमारका मातापिताले यसै स्थानमा राजा दशरथको शब्दभेदी वाण लागेर आफ्नो छोराको मृत्यु भएको सुनेपछि आफ्नो प्राण पनि त्याग गरेको किंबदन्ती छ ।

टाढा टाढाका दर्शनार्थीको ओइरो लाग्ने गरेकाले विगतका दिनमा यस स्थानमा दैनिक मेला लाग्ने गरेकामा आमाको मुख हेर्ने वा बुवाको मुख हेर्ने दिनमा भने अत्यधिक भीड हुने स्थानीयवासी हेमशङ्कर यादवले बताउनुभयो ।

बिहीबारका दिन यस यस स्थानमा महोत्तरी, धनुषा, सर्लाही, सिरहा, सिन्धुलीलगायत भारतका पटनासम्मका मानिस दर्शनका लागि आउने गरेको अर्का स्थानीयवासी शिवचन्द्र यादवले बताउनुभयो ।

द्वापर युगमा श्रवणकुमारले तिर्खाएका आफ्ना अन्धाअन्धी आमाबुवालाई महोत्तरीको बगडास्थित यसै ठाउँमा राखेर तिर्खा मेटाउन नजिकैको महदैया तपनपुरको कमलदहमा पानी लिन गएको बेला राजा दशरथको शब्दभेदी वाण लागी उनको मृत्यु भएको थाहा पाएपछि ती बृद्ध दम्पतीले पनि यसै स्थानमा प्राण त्याग गरेका थिए ।

अन्धाअन्धीले प्राण त्याग गरेकाले यो स्थान अन्धाअन्धी स्थानको नामले चर्चित भएको र कालान्तरमा मन्दिर पनि बनाइएको थियो । पछिल्लो समय सम्बन्धित निकायको उदासिनताका कारण यस स्थानको संरक्षण सम्वर्द्धनका लागि कुनै पनि पहल हुन नसक्दा यो पौराणिक तथा एतिहासिक स्थल ओझेलमा पर्दै गएको स्थानीयवासीले आरोप लगाउँदै यो स्थललाई संरक्षण र सम्वर्द्धन गरी पर्यटकीयस्थलका रुपमा विकास गर्न सम्बन्ध निकायसँग जोडदार माग गरे । रासस

बिहीबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि

काठमाण्डु । यही वैशाख १० गते आइतबार हुन लागेको तीन क्षेत्रको उपनिर्वाचनका लागि बिहीबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि हुने भएको छ ।

प्रतिनिधिसभा सदस्यका लागि बारा निर्वाचन क्षेत्र नं २, तनहुँ निर्वाचन क्षेत्र नं १ र चितवन निर्वाचन क्षेत्र नं २ मा हुन लागेको निर्वाचनका लागि निषेधको अवधि लागू हुने भएको हो ।

उपनिर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ चैत २४ गतेदेखि जारी गरेको सो निर्वाचन आचारसंहिता, २०७९ मा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने व्यवस्था गरिएको छ ।

उक्त व्यवस्थाबमोजिम बिहीबार मिति २०८० वैशाख ७ गतेको राति १२ बजेदेखि वैशाख १० गते मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जनाउनुभयो ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को उपदफा ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न तथा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको आयोले सम्बन्धित सबैमा स्मरण गराएको छ । रासस

क्यास व्याक अफर सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । नेपालको सर्वाधिक विश्वासिलो जीवनबीमा कम्पनी नेपाल लाइफइन्स्योरेन्स कम्पनीले २२ वर्ष पुरा गरेर २३ वर्षमा प्रवेश गरेको सुखद अवसरमा क्यास व्याक अफर सार्वजनिक गरेको छ ।

यस अफर अन्तर्गत बैशाखमहिना भरि बीमा शुल्कको नविकरण ई(सेवामार्फत भुक्तानी गरिएको) ग्राहकहरुलाई ५% वा २३० रुपैयाँ सम्मको क्यास व्याक प्राप्त गर्नुसकिने छ ।

सूचना प्रविधिमा आएको आमुल परिवर्तन र भूमण्डलीकरणको बढ्दो आकर्षणले संसारलाई साँघुरो बनाउदै गर्दा सूचना प्रविधिको विकाशक्रमसंग आफ्ना ग्राहक तथा अभिकर्ताहरुलाई साक्षात्कार गराउने अभिप्रायका साथ यो अफर संचालनमा ल्याइएको छ ।

प्रविधिको अधिकतम प्रयोग गर्दै कार्यसम्पादन गर्न अब्बल रहेको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले बीमा शुल्क नविकरणका लागि विभिन्न भुक्तानी सेवा प्रदायकहरु ई(सेवा, खल्ती, फोन पे, कनेक्ट आइ.पी.एस, आई एम ई(पे र प्रभु(पे संग सम्झौता गरेको छ । यस कम्पनीका ग्राहकहरुले घरै बसीबसी आफ्नो प्रिमियम भुक्तानी गर्न सकिन्छ ।

यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रविण रमण पराजुलीले घर बाट नै सहज र सरल तरिकाले प्रिमियम तिर्दा समयको बचत हुनुको साथ साथै कारोबार सुरक्षितसमेत हुने बताएका छन् ।

आगामी दिनमा कम्पनीलाई भन् प्रविधि मैत्री बनाइ ग्राहकमहरुलाई छिटो, छरितो, चुस्त र दुरुस्त सेवा प्रवाह गर्न कम्पनी तत्पर रहेको कुरासमेत पराजुलीले बताएका छन् ।

२०५८ साल वैशाख २१ गते स्थापित यस कम्पनीले २२ वर्षमा दरमियानमा विभिन्न आरोह अवरोह पार गर्दै कम्पनीले आफ्ना सेवाग्राहीहरु तथा ग्राहकहरूका लागि देशभर फैलिएका आफ्ना हाल करीब १ सय ९२ कार्यालय सञ्जालहरूमार्फत जीवनबीमा सम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ ।

ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरुसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

नेपाल नम्बर एक एमरच्योर गल्फर सुबाश उपाधि रक्षा गर्न सफल

टुडे समाचारदाता

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सातौं प्रतियोगिता, सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपको उपाधि नेपाल नम्बर एक सुबाश तामाङले जितेका छन्। प्रो सञ्जय लामालाई चार स्ट्रोकले हराउँदै सुबाश लगातार दोस्रो पटक टुर च्याम्पियनसिपको उपाधि जित्न सफल भएका हुन्। यो उनको करियरको चौंथो प्रोफेसनल उपाधि हो।

डिफेन्डिङ च्याम्पियन सुबाशले अन्तिम दिन ३-अन्डर ६९ को कार्ड बनाउँदै समग्रमा १३-अन्डर २ सय ७५ को स्कोर बनाए। १-अन्डर ७१ सहित समग्रमा ९-अन्डर २ सय ७९ को स्कोर मा सञ्जय प्रोफेसनलतर्फ पहिलो भए। समग्रमा भने उनी दोस्रो भए। उनले एक लाख चालिस हजार प्राप्त गरे।

समग्रमा ४-अन्डर २ सय ८४ को स्कोरमा नीरज तामाङ र जयराम श्रेष्ठले सम्युक्तरूपमा प्रोतर्फ दोस्रो स्थान बाँडे। नीरजले २-अन्डर ७० र जयरामले ६-अन्डर ६६ को उत्कृष्ट प्रदर्शन गरे। उनीहरूले जनही ७८ हजार ५ सय हात पारे। समग्रमा २-अन्डर २ सय ६८ को नतिजामा भुवन नगरकोटी र रमेश अधिकारीले संयुक्तरुपमा चौथो स्थानमा प्रतियोगिता सकाए। रमेशले ४-अन्डर ६८ र भुवनले ३-ओभर ७५ मा अन्तिम दिनको खेल सकाए। दुवैजनाले जनही ५१ हजार प्राप्त गरे।

रबि खड्काले समग्रमा इभन-पार २ सय ८८ सहित छैटौं भएर ४० हजार ५ सय नगद पुरस्कार प्राप्त गरे। अन्तिम दिन उनले ६-ओभर ७८ को खराब प्रदर्शन गरे। कमल तामाङ र तोरण विक्रम शाहीले संयुक्तरुपमा सातौं स्थान बाँडे। तोरणले इभन-पार ७२ र कमलले ३-ओभर ७५ को स्कोरमा समग्रमा ४-ओभर २ सय ९२ को स्कोरमा खेल सकाए। उनीहरूले ३५ हजार ५ सय प्राप्त गरे।

२-ओभर ७४ सहित समग्रमा ८-ओभर २ सय ९६ को स्कोरमा धरानका बलभद्र राई नवौं भए। उनले ३२ हजार हात पारे। समग्रमा १०-ओभर २ सय ९८ को स्कोर बनाउने क्रममा अन्तिम दिन ७-ओभर ७९ खेल्दै पोखराका प्रो भुबहादुर गुरूङ १०औं हुँदै ३० हजार प्राप्त गरे।

प्रो र एमरच्योर दुवैतर्फको उपाधि सुबाशले जित्दा युवा गल्फर सदभाव आचार्य एमरच्योरतर्फ दोस्रो भए। ४-ओभर ७६ मा अन्तिम दिनको खेल सकाउँदा उनले समग्रमा इभन-पार २ सय ८८ को स्कोरमा प्रतियोगिता सकाए। समग्रमा ३-ओभर २ सय ९१ सहित टासी छिरिङ तेस्रो भए।

अन्तिम दिनको खेल सुरूवात गर्दा सुबाशसँग दुई स्ट्रोकको अग्रता थियो। फ्रन्ट नाइन ३-अन्डर ३३ मा पुरा गर्दा उनलाई कुनैपनि समय अन्य खेलाडीले चुनौती दिन सकेनन्। दोस्रो होलमा एक सट खेर फाले। तर त्यसपछि तेस्रो, पाँचौ, छैटौं र आठौं होलमा बर्डीको सफलता प्राप्त गरे। उनले ब्याक नाइन इभन-पार ३६ मा सकाए। ११औं, १२औं र १४औं होलमा तीन बर्डी प्रहार गर्दै एक समय ६ स्ट्रोकको अग्रता बनाइसकेका थिए। तर १५औं होलमा डबल बोगी खेपे भने १८औं होलमा एक सट खेर फाले।

सञ्जयले तेस्रो र चौथो होलमा बर्डी प्रहार गरेपनि सातौं होलमा एक सट खेर फाल्दै फ्रन्ट नाइन १-अन्डर ३५ मा टुङ्गाए। यसपछि ११औं र १४औं होलमा बर्डी प्रहार गरे। तर १०औं र १६औं होलमा एक-एक सट खेर फाल्दै ब्याक नाइन इभन-पार ३६ मा सकाए।

नीरजले फ्रन्ट नाइनमा २-ओभर ३८ खेल्ने क्रममा तेस्रो र चौथो होलमा बर्डी प्रहार गरे। तर यसपछि छैटौं र सातौं होलमा डबल बोगी खेपे।

५९ हजार वैदेशिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षामा आबद्ध

काठमाण्डु । वैदेशिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षा योजनामा आबद्ध हुनेक्रम बढेको छ । योजना शुभारम्भ भएको एक महिनाको अवधिमा मात्रै ५८ हजार नौ सय ८६ वैदेशिक क्षेत्रका श्रमिक योजनामा आबद्ध भएका सामाजिक सुरक्षा कोषका सहप्रवक्ता रोहित रेग्मीले जानकारी दिनुभयो । हालसम्म औपचारिक क्षेत्रका करिब चार लाख पाँच हजार उक्त कोषमा आबद्ध भएका छन् ।

सरकारले गत चैत ८ गतेदेखि वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्न थालेको थियो । वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत कोषमा आबद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने लक्ष्यअनुसार उक्त कार्य सुरु गरिएको हो ।

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्धता अनिवार्य गरेको छ । विदेश जाने श्रमिकले श्रम स्वीकृति लिने क्रममा सामाजिक सुरक्षा योजनामा आबद्धता जनाउनुपर्ने व्यवस्था गरिएको छ । यस्तै श्रम स्वीकृतिको नवीकरणका क्रममा वैदेशिक रोजगारीमा रहेका श्रमिक पनि कोषमा अनिवार्य दर्ता हुनुपर्छ ।

गत चैत महिनामा मात्रै वैदेशिक रोजगारीका लागि ६१ हजार चार सय ७८ नेपालीले श्रम स्वीकृति लिएका वैदेशिक रोजगार विभागले जनाएको छ । हाल दैनिक करिब दुई हजार जनाले श्रम स्वीकृति लिने गरेका छन् । श्रम स्वीकृति लिनेले कोषमा एक महिनाको योगदान रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । वैदेशिक क्षेत्रका श्रमिकबाट मात्रै रु आठ करोड ५० लाख बढी योगदान सङ्कलन भएको सहप्रवक्ता रेग्मीले जानकारी दिनुभयो ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले छ महिनाको योगदान रकम जम्मा गर्दा १० प्रतिशत छुट पाउने कोषले जनाएको छ । विदेशमा रहेका श्रमिकले कोषको वेबसाइटबाट सूचीकरण गरी योगदान रकम जम्मा गर्न सक्नेछन् । कोषमा नियमित योगदान गर्ने वैदेशिक क्षेत्रका श्रमिकले दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजनाबाट लाभ लिन सक्नेछन् ।

स्वीकृत कार्यविधिबमोजिम वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगार रहेका श्रमिकले कम्तीमा आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात् न्यूनतम रु दुई हजार मासिकरूपमा र अधिकतम त्यसको तीन गुणासम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुन सक्नेछन् । रासस

१५९ वडामा अनलाइनबाट दर्ताका लागि पूर्वाधार छैन

काठमाण्डु । देशभरका छ हजार सात सय ४३ वडामध्ये एक सय ५९ वडाले अझै अनलाइनबाट व्यक्तिगत घटना दर्ता गर्न नसकेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जनाएको छ ।

पञ्जीकरण सप्ताहका अवसरमा युनिसेफ र महिला, कानुन र विकास मञ्चले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा इन्टरनेटको समस्याका कारण एक सय ५९ वडाले अझै अनलाइनबाट व्यक्तिगत घटना दर्ता गर्न नसकेको जानकारी गराइएको हो ।

सो अवसरमा छ हजार पाँच सय ८४ वडामा अनलाइन माध्यमबाट व्यक्तिगत घटना दर्ता हुने गरेको जानकारी गराइएको थियो । कार्यक्रममा वडा वडामा व्यक्तिगत घटना दर्ता शिविर पनि सञ्चालन गर्ने गरिएको जनाइएको छ । विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले व्यक्तिगत घटना दर्तामा देखा परेका समस्या सम्बोधन गरिने प्रतिबद्धता जनाउनुभयो । व्यक्तिगत घटना दर्तामा परेका समस्या समाधानका लागि आवाज बुलन्द हुनुपर्ने उहाँको भनाइ थियो ।

विभागले १५ दिनअघि परिपत्र जारी गरेपछिका चार दिनमा एकल महिलाका तीन सय ६६ सन्तानको जन्मदर्ता भएको उहाँले जानकारी दिनुभयो । परिपत्रमा केही भाषा संशोधन गर्नुपर्ने सुझाव आएको चार दिनमा त्यसलाई सुधार गरिएको उहाँले बताउनुभयो ।

"सुत्केरी महिलाले ३५ दिनभित्र बालबालिकाको जन्मदर्ता गर्न सक्दैनन्, निजामती सेवामा काम गर्ने महिलाले ९८ दिन त बिदा नै पाउँछन्, यसैले कम्तीमा पनि ९८ दिन जन्म दर्ताका लागि समय दिनुपर्छ भन्ने हाम्रो पनि अनुभव छ", महानिर्देशक पण्डितले भन्नुभयो ।

विभागका निर्देशक नवराज जैसीले जन्मदर्ता, मृत्यु दर्ता जस्ता घटना शतप्रतिशत हुने गरी अभियान चलाउन लागिएको जानकारी दिनुभयो । अदालतको फैसला अनुसार पनि जन्मदर्ता हुने गरेको जानकारी पनि उहाँले दिनुभयो ।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले जन्मदर्ता बालबालिकाको मौलिक हक भएकाले ३५ दिनपछि गर्दा पनि शुल्क नलाग्ने गरी कानुन संशोधन गर्नुपर्नेमा जोड दिनुभएको थियो । रासस

तपाईंको आज

पण्डित : ब्रम जी

मेष : नयाँ कार्य हुने ।
बृष : भ्रमण अवसर हुने ।
मिथून : अवसर प्राप्त ।
कर्कट : पुरस्कार प्राप्त लाभ ।
सिंह : प्रतिभा सम्पन्नता ।
कन्या : पारिवाहिक सुख ।
तुला : बौद्धिक क्षमता ।
वृश्चिक : प्रेम प्रसंग, मित्र सुख ।
धनु : वाद विवादबाट बच्नु ।
मकर : सुख समृद्धि हुने ।
कुम्भ : धन बृद्धि सञ्चय ।
मीन : शिक्षामा उन्नति ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८१३५३४, ९८१५८१३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	५:०० बजे
बिहान पूजा आरती	८:०० बजे
भोगराज लाग्ने सयम	११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	१२:०० बजे
मन्दिर बन्द हुने समय	१२:०० बजे
खुल्ने समय (दिउँसो)	४००: बजे
रात्री आरती पूजा हुने समय	९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम	१०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	०५:०० बजे
बिहान पूजा आरती	०७:०० बजे
बिहान ढोका बन्द	१२:०० बजे
अन्न क्षेत्र	निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	०५:०० बजे
मंगल आरती	०७:३० बजे
महाप्रसाद भोग	१२:०० बजे
दिउँसो ढोका खुल्ने समय	०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	०७:०० बजे
रात्रि भोग	०९:०० बजे
पट बन्द	०९:१५ बजे

घटनामा दुई बालबालिकाको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा बिहीबार दिउँसो भएका बेग्लाबेग्लै घटनामा दुई बालबालिकाको मृत्यु भएको छ । ईश्वरपुर नगरपालिकामा करेन्ट लागेर एक बालक र चन्द्रनगर गाउँपालिकाको पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ ।

ईश्वरपुर नगरपालिका -१५ का श्याम दासका छोरा वर्ष १२ का आशिषकुमार दासको आफ्नै घरको पंखामा रहेको तार छुँदा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । बिहीबार दिउँसो करीब १:१५ बजे करेन्ट लागेर घाइते बालकलाई गाउँकै एक क्लिनिकमा सामान्य उपचार गरी लालबन्दीस्थित मोडेल अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

यस्तै, चन्द्रनगर गाउँपालिका -२ बबरगञ्जमा नुहाउनेक्रममा पोखरीमा डुबेर मामाघर आएकी एक बालिकाको मृत्यु भएको छ ।

बिहीबार दिउँसो १२ बजेतिर स्थानीय रामप्रसाद सिंह दनुवारको पोखरीमा डुबेर सर्लाहीकै गोडैता नगरपालिका -६, बगदहका अमरेश पटेलकी छोरी वर्ष ११ की गुञ्जन पटेलको मृत्यु भएको छ ।

गुञ्जन चन्द्रनगर गाउँपालिका-४ का अनुरोध पटेलको घरमा बस्दै आएकोमा आफ्नै हजुर बुवा दुःखा राउत र हजुरआमासँगै उक्त पोखरीमा कपडा धुन र नुहाउन गएका बेला डुबेर उनको मृत्यु भएको बताइएको छ ।

बालबालिकाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको इलाका प्रहरी कार्यालय केशरगञ्जका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिएका छन् ।

आकस्मिक वार्डमा गाडी पार्किङ

टुडे समाचारदाता

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरधामको आकस्मिक कक्षमा पार्किङ गरेको पाइएको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको यस अस्पतालमा कार्यरत कर्मचारीहरु सो ठाउँमा पार्किङ गर्ने गरेका छन् ।

अस्पताल परिसरमै पार्किङको लागि पर्याप्त ठाउँ भए पनि राति खटिएका कर्मचारीहरु आकस्मिक कक्षमै पार्किङ गर्ने गरेका छन् ।

अस्पतालले पार्किङ व्यवस्थापन तथा रेखदेखकै लागि २० जना सुरक्षा गार्ड पनि राखेका छन् ।

ज ७ प ९७३ नम्बर प्लेटको मोटरसाइकल आकस्मिक कक्षको ढोका छेउमै पार्किङ गरिएको पाइएको छ । त्यस्तै, प्रदेश २-०२-००३ प ६७७९ नम्बरको एफजेड, ज११प६९८४ नम्बर प्लेटलगायत आधा दर्जन मोटरसाइकल पार्किङ भएको देखिन्छ । अस्पताल नै कुरुप देखिने गरी पार्किङ हुँदा व्यवस्थापन पक्षमाथि प्रश्न उठ्न थालेको छ ।

अवैध सुनका गरगहनासहित दुई जना पक्राउ

टुडे समाचारदाता

नेपालगन्ज । नेपालगन्जको न्यूरोडबाट करीब पाँच किलो अवैध सुनका गरगहनासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेले नेपालगन्जको न्यूरोडस्थित एक होटलबाट ४ दशमलव ९२७ किलोग्राम सुनका गहनासहित दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले बिहीबार पत्रकार सम्मेलनमार्फत सुनका गहनासहित पक्राउ परेका दुई जनालाई सार्वजनिक गरेको छ ।

सुनका विभिन्न गहनासहित पक्राउ पर्नेमा विराटनगरका महानगरपालिका वडा नं. ९ का ४२ वर्षीय रमेश सोनी र सोही ठाउँका ३६ वर्षीय प्रकाश ठाकुर रहेको जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी सन्तोष सिंह राठौरले जानकारी दिए ।

पक्राउ परेका व्यक्तिका साथबाट सुनका सिक्री, चुरा, झुम्का, हार, ब्रास्लेट, मंगलसूत्र, बाला, दुङ्री, औंठी लगायतका सुनका गहना बरामद गरेको एसपी राठोरले पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् । साथै उनीहरुको साथमा इस्टिमेट बिलको ठेली थान १, डिजिटल तराजु थान १, विभिन्न मितिमा विभिन्न स्थानमा बिक्री गरेको इस्टिमेट बिलहरु थन १४, एनआइसी एसिया बैंकमा ७ लाख ३३ हजार ४ सय जम्मा गरेको भौचर थान १, प्रकाश ठाकुरको नाममा ३ लाख ८६ हजार ४ सय काटेको एनएमबी बैंकको चेक थान १ र विभिन्न दरको नोट गरी नगद ३५ हजार बरामद गरिएको एसपी राठोरले जानकारी गराए ।

गरगहना झोलामा राखेर हिँडिरहेको सुराकीका आधारमा गए राति गहनासहित सोनी र ठाकुरलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट सुन कहाँबाट आएको र कहाँ लैजादै गरेको भन्ने बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

घुस लिएको आरोपमा सुब्बा र लेखापढी व्यवसायीविरुद्ध मुद्दा दायर

टुडे समाचारदाता

जलेश्वर । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीसंग घुस लिएको आरोपमा नायब सुब्बा र लेखापढी व्यवसायीविरुद्ध मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार, भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीका नायब सुब्बा रामकृष्ण पण्डित र भू-सेवा केन्द्र, जलेश्वर, महोत्तरीका लेखापढी व्यवसायी सुभाषचन्द्र लाल कर्णविरुद्ध विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर गरिएको छ ।

जग्गा नामसारी गर्ने क्रममा सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले नासु सुब्बा पण्डित र लेखापढी व्यवसायी कर्णलाई सेवाग्राहीबाट नौ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

पूर्व वडा अध्यक्ष रामतपेश्वर पक्राउ

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको जलेश्वर नगरपालिकाका एक पूर्व वडा अध्यक्ष लेनदेन मुद्दामा पक्राउ परेका छन् ।

विगत पाँच वर्षदेखि फरार रहँदै आएका जलेश्वर-१२ का पूर्व वडा अध्यक्ष रामतपेश्वर ठाकुर पक्राउ परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताए ।

वि.सं २०७५ वैशाख ४ गते महोत्तरी जिल्ला अदालतद्वारा कैद सजाय तोकिएका वडाध्यक्ष वि.सं २०७४ को स्थानीय तहको निर्वाचनमा वडा अध्यक्षमा विजयी भएका थिए । तर वडा अध्यक्ष रहेकै अवस्थामा उनी लेनदेन मुद्दाका फरार प्रतिवादी पनि थिए ।

लेनदेन मुद्दामा पैसा तिर्न नसकेर अदालतको फैसलापश्चात् विगत पाँच वर्षदेखि फरार रहँदै आएका पूर्व वडा अध्यक्ष ठाकुरलाई बुधबार सूचनाका आधारमा प्रहरीले निजको घरबाटै पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक प्रकाश मल्लले बताए ।

साथै उनले बिहीबार पूर्व वडा अध्यक्ष ठाकुरलाई महोत्तरी जिल्ला अदालतमा पेश गर्ने तयारी रहेको बताए ।

सिजी नेटको सेवा विस्तार

टुडे समाचारदाता

काठमाण्डु ।इन्टरनेट र आईपिटिभीका साथ सिजी नेटले 'स्पिड दमदार प्राइस शानदार' अफर ल्याएको छ ।

यस अफर अन्तर्गत १३० एमबिपिएस ७९९ रुपैयाँमा, २५० एमबिपिएस १०४९ रुपैयाँमा तथा ३५० एमबिपिएस नेट १२९९ प्रति महिनामा नेटको सुविधाका साथ ल्याएको हो ।

साथै, सिजी नेटले आफ्ना प्रयोगकर्तालाई तीन लाख रुपैयाँ सम्मको दुर्घटना बीमा र सिजीका घडी, इयरफोन लगायत अन्य अरु घरायसी सामाग्रीको खरिदमा ३५ प्रतिशतसम्मको डिस्काउन्ट अफर लिएर आएको छ ।

सिजी नेट जोडेर प्रयोगकर्ताहरुले चार लाख नेपाली रुपैयाँ बराबरको यी सबै सुविधाहरुको फाइदा सजिलै उठाउन सक्नेछन् । काठमाडौंको भव्य सफलतापछि विराटनगर, वीरगन्ज, इटहरी, पोखरा, जितपुर, सिमरा, धरान तथा दुहबीसम्म आफ्नो सुविधा पुर्याउने योजनाका बनाएको यस कम्पनीले पछिल्ला केहि महिनामा आफ्नो सेवा

योजना गरेका सम्पूर्ण ठाउँहरुमा पुर्याइसकेको छ ।

वैशाख ३ गते पोखरामा भव्य उद्घाटन गर्दै सिजी नेटले हालका लागि आफ्नो विस्तार यात्रा टुङ्याएको छ । २०८० वैशाख ३ गते पोखरा सहरमा भव्य उद्घाटन समारोह र च्यालीको आयोजना गर्दै सिजी नेटले पोखरामा आफ्नो आगमनको उद्घोष गरेको हो ।

१३० एमबिपिएस नेटलाई जनतामाझ सबैभन्दा सस्तो मूल्य ७९९ रुपैयाँप्रति महिनामा ल्याउने नेपालकै पहिलो कम्पनी सिजी नेट अत्याधुनिक प्रविधिको प्रयोगबाट सस्तो र भरपर्दो इन्टरनेट सेवामार्फत देशलाई संसारसँग जोड्ने उद्देश्यका साथ नेपालका विभिन्न स्थानहरुमा आफ्नो सेवा बिस्तार गरिरहेको छ ।

सस्तो र भरपर्दो इन्टरनेट खोज्ने नेपालीहरुका लागि यो एउटा सुवर्ण मौका हो । आगामी दिनहरुमा अझै बढी सहर र देशका कुना-कुनासम्म आफ्नो सुविधा साथ-साथै किफायती दरमा उच्च गतिको इन्टरनेट प्रदान गर्ने कुरामा हामी प्रतिबद्ध छौं ।'

आफ्ना ग्राहकहरूलाई सबैभन्दा उत्कृष्ट इन्टरनेट सेवाहरू उपलब्ध गराउन सिजीनेट प्रतिवद्ध छ । यी नयाँ स्थानहरूमा गरिएको सेवाको विस्तार त्यही प्रतिबद्धताको प्रमाण हो ।

सिजीनेटको यो सेवा विस्तार आफ्ना विद्यमान ग्राहकहरूलाई उपलब्ध गराउँदै आएको उच्च गुणस्तरको इन्टरनेट सेवालाई नयाँ ग्राहकहरु समक्ष पनि पुर्याउने एउटा बलियो प्रयास भएको कम्पनीले जनाएको छ ।

कम्पनीका सीईओ भन्छन, ' आठ नयाँ स्थानमा सेवाहरूको विस्तार गर्न पाउँदा हामी निकै उत्साहित बनेका छौं, आजको संसारमा खाँचो पर्ने भरपर्दो इन्टरनेट सुविधाको पहुँचको महत्त्व बुझ्छौं र त्यसलाई सकेसम्म धेरै भन्दा धेरै मानिसहरूलाई उपलब्ध गराउन चाहन्छौं । भरपर्दो ग्राहक सेवाका पुर्याउनका लागि बिस्तारका नयाँ योजना लिएर आउने सिजीनेटले बताएको छ ।

कम्पनीका सीईओ भन्छन, ' आठ नयाँ स्थानमा सेवाहरूको विस्तार गर्न पाउँदा हामी निकै उत्साहित बनेका छौं, आजको संसारमा खाँचो पर्ने भरपर्दो इन्टरनेट सुविधाको पहुँचको महत्त्व बुझ्छौं र त्यसलाई सकेसम्म धेरै भन्दा धेरै मानिसहरूलाई उपलब्ध गराउन चाहन्छौं । भरपर्दो ग्राहक सेवाका

दुर्घटनामा महिला घाइते

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको लोहारपट्टी नगरपालिका-२ मा एउटा टेम्पु दुर्घटनाग्रस्त हुँदा एक महिला घाइते भएकी छन् ।

बिहीबार दिउँसो १२ बजेको समयमा मधेपुरा बिगही पुल नजिकै रहेको भित्री सडक खण्डमा जनकपुरधामबाट रामगोपालपुरतर्फ आउँदै गरेको मधेश प्रदेश ०२-००१ ह. २२२१ नम्बरको टेम्पुको अगाडिको चक्का भाँचिएर अनियन्त्रित भइ दुर्घटनाग्रस्त भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

दुर्घटनमा परी बलवा नगरपालिका-११ का ५० वर्षीया नागो खातुन घाइते भएकी छन् । घाइते खातुनको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको छ भने उनको स्वास्थ्य अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु

टुडे समाचारदाता

सर्लाही । सर्लाहीको लालबन्दीमा बिहीबार ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

बिहीबार बिहान ७ बजेतिर पश्चिमबाट पूर्वतर्फ गइरहेको ना. ३३ प ७५१३ नम्बरको मोटरसाइकललाई प्रदेश २-०३-००१ ख ८१५ नम्बरको ट्रकले लालबन्दी नगरपालिका -६ स्थित पूर्व-पश्चिम राजमार्गको कालिञ्जोर खोलाको पुल नजिक ठक्कर दिएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ ।

ठक्करबाट मोटरसाइकल चालक एवम् पछाडि सवार एक जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले हो ।

सनाखत हुन नसकेको मृतक द्वय पुरुषको शव पोस्टमार्टमका लागि मलंगवा पठाउने तयारी भइरहेको लालबन्दीका प्रहरी नायब उपरीक्षक शान्त राम कार्कीले जानकारी दिए । दुर्घटनामा संलग्न ट्रक र ट्रक चालक लालबन्दी प्रहरीको नियन्त्रणमा छन् ।

आगलागीमा १५ घर नष्ट

सप्तरी । सप्तरीको खडक नगरपालिकामा घुरबाट सल्केको आगोका कारण १५ घर जलेर नष्ट हुँदा रु ६५ लाख बराबरको क्षति भएको छ ।

खडक नगरपालिका-९ बज्राहीगुठी टोलमा घर पछाडि बालेको घुरबाट सल्केको आगोले १५ घर, ती घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडावर्तन, गरगहनार नगद गरी ६५ लाख २० हजार बराबरको क्षति भएको सप्तरी प्रहरीले जनाएको छ ।

आगोले सुरेन्द्रप्रसाद चौधरी, धीरेन्द्रचौधरी, राजेन्द्रप्रसाद चौधरी हरिहर देवीचौधरी, भरत चौधरी, मोहनप्रसाद चौधरी, शत्रुघ्न चौधरी, रवीन चौधरी, अमिन चौधरी, सचिन चौधरी, सबुरलाल चौधरी, मिश्रिलाल चौधरी, हरि चौधरी, नेमन चौधरी र नन्दचौधरीको घर जलेर नष्ट भएको छ ।

शम्भुनाथ र राजविराज नगरपालिकाको वारुणयन्त्रको सहयोगमा स्थानीयवासी र नेपाल प्रहरीले आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक नरेश कुमार सिंहले बताउनुभयो । रासस

नाम परिवर्तन सम्बन्धी सूचना

केन्डर एजुकेशन सर्भिस नेपाल प्रा.लि. को नाम परिवर्तन भई **सोनल ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

सच्याईएको वारे

प्रस्तुत विषयमा मिति २०७९।१२।२९ गते गणेशमान चारनाथ नगरपालिकाद्वारा जनकपुर टुडे दैनिकमा प्रकाशित करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचनामा दरखास्त दिने अन्तिम मिति २०८० बैशाख १३ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

पशु सेवा तालिम केन्द्र
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

पशु सेवा तालिम केन्द्रको पशुपन्छी औषधी व्यवसायी तालिम संचालनको लागि दरखास्त आव्हान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०१।०८ गते

यस तालिम केन्द्रको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुन्छी औषधि व्यवसायी (कृषक स्तर) - ३५ दिने तालिम संचालन गर्नुपर्ने भई सो को लागि सहभागी छनौट गर्नुपर्ने भएकोले यस प्रदेश अन्तर्गतका तपसिल बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (अर्थात मिति २०८०।०१।२२ गते) भित्रमा यसै साथ संलग्न अनुसूची १ अनुसारको विवरण भरी सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि सहित कार्यालय समय भित्र तालिम केन्द्रमा उपस्थित भई वा यहाँको Email Adress: lstc.janakpur@gmail.com मा mail गरी दरखास्त दिन आव्हान गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (अर्थात् मिति २०८०।०१।२२ गते) सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट वा लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ ।

तपसिल

(क) एस.एल.सी. योग्यता भई औषधि व्यवस्था विभागमा भेटेरिनरी ओषधि बिक्री वितरणका लागि ओषधि पसल दर्ता गरी पसल संचालन गरिरहेका तर हालसम्म तालिम नलिएका व्यवसायीहरु,

वा

(ख) पशु सेवा विभागबाट पशु सेवा सम्बन्धी १५ दिन भन्दा बढी समयको तालिम प्राप्त गरेका व्यक्तिहरु,

वा

(ग) औषधि व्यवस्था विभागमा भेटेरिनरी औषधि बिक्री वितरणका लागि दर्ता भएको व्यवसायी अशक्त वा मृत्यु भई निरन्तरता दिन नसकेको अवस्थामा निजको एकाघरको योग्यता पुगेको हकवाला व्यक्ति ।

दरखास्त संग पेश गर्नुपर्ने सम्बन्धित कागजातहरू

(१) नेपाली नागरिकताको प्रमाणपत्र

(२) शैक्षिक योग्यताको प्रमाणपत्र

(३) औषधि व्यवस्था विभागमा पसल दर्ता भएको भए सो प्रमाणपत्र वा पशु सेवा विभागबाट पशु सेवा सम्बन्धि १५ दिन भन्दा बढी समयको तालिम प्राप्त गरेको भए सो प्रमाणपत्र ।

पुनश्च:

(क) अनुसूची १ को सहि छाप भएको फर्मेट सम्बन्धित भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

(ख) दरखास्त सम्बन्धि विस्तृत जानकारीको लागि मो.नं. ९८४४२१८६९५, ९८४१३०५०८३ र ९८१७६९३५१३ मा सम्पर्क गर्न सकिनेछ ।

वरिष्ठ तालिम अधिकृत

जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

संयमता अपनाउ

बैशाख १० गते प्रतिनिधिसभाको उप निर्वाचन बारा निर्वाचन क्षेत्र नम्बर २ मा हुँदैछ । हुनत बारा संगै चितवन र तनहुँमा समेत उपनिर्वाचन हुने भएको छ तर, चितवन र तनहुँ भन्दा बढी चर्चा अहिले बारा निर्वाचन क्षेत्र नम्बर २ को छ । उपनिर्वाचन नजिएको छ । प्रचारप्रसार तीव्र छ । यस्तोमा कुप्रचार पनि बढेको छ । व्यक्तिगत तहमा उत्रेर लाञ्छना लगाउने, घृणा फैलाउने पनि भइरहेको छ । एक पक्ष गालीगलौजमा उत्रिँदा स्वभावैले अर्को पक्ष पनि उस्तै गरी प्रतिरक्षामा उत्रिन्छ । यो लोकतन्त्रका लागि कलंक हो । लोकतान्त्रिक मूल्य, मान्यता कमजोर हुँदै जानु हो । दल समाजको अगुवा हुनुपर्छ । दल अगुवा हुनलाई दलको प्रमुख नेता अगुवा हुनुपर्छ । अरु नेता-कार्यकर्ता अगुवा हुनुपर्छ । अगुवा भनेको सकारात्मक अर्थमा हो । उसले विवेक, विज्ञान, कर्म, वचन, संस्कार र संस्कृतिको सही सन्देश दिनुपर्छ । तर, अब त नेपालमा दलहरूले आफ्नो भिजन र मिसन बताउन छोडेका छन् । उनीहरू बतासे गफ धेरै दिन थालेका छन् । अर्को पक्षको निन्दामा खर्च गर्ने समय आफ्नो योजना बताउन खर्च गर्नुपर्ने हो । तर, अवस्था यस्तो छैन । पछिल्लो समयमा घृणा र उत्तेजनाको भाषा धेरै बोल्ने पूर्वप्रधानमन्त्री केपी शर्मा ओली हुन् । उनी र उनको गुटले व्यक्तिगत तहमा ओर्लेर बढी नै गालीगलौज गर्छ । के महिला, के लेखक, के पत्रकार, के आलोचक, के संघसंस्था, उनले सबैलाई गालीगलौज गरेका छन् । विद्वानहरूलाई कोट काट्ने मुसा भन्नेदेखि महिलाहरूलाई ट्याउट्याउ भन्ने पनि उनै हुन् । उनले नियुक्त गरेका, उनले मनोनित गरेका पात्र पनि उनीजस्तै घृणाको भाषा बोल्छन् । ओलीकै सिको गर्दै हुनुपर्छ, नेपाली कांग्रेस, माओवादीदेखि नयाँ भनिने सबै दलले यस्तै शैली अंगीकार गरेका छन् । नेतामा त विनम्रता, शिष्टता, क्षमा, करुणा, उदारताको अपेक्षा गरिन्छ । तर, अहं र अहंकार देखाउने नेताजी के नेताजी ? मुखाले नेताजी के नेताजी ? नेपाल चौतर्फी संकटमा छ । तर, नेताहरूलाई भने आनन्द छ । संकटलाई लाभको विषय बनाएका छन् उनीहरूले । यस्ता दल र नेतालाई आम मतदाताले कारबाही गर्नुपर्छ । मत दिँदा विचार पुऱ्याउनुपर्छ । गालीगलौज गर्नेले युवाहरूको नयाँ चेतनाको सपना बोक्न सक्दैन । अबको युग भनेको नयाँ पुस्ताको युग हो । नयाँ सोच र शैलीले मात्र हुन्छ अब राजनीति ।

उपनिर्वाचनमा मतदाताको साख परीक्षण

कुलचन्द्र वाग्ले

संघीय प्रतिनिधिसभा सदस्य चयनको लागि तीन निर्वाचन क्षेत्रमा २०८० को बैशाख १० गते मतदान हुने कार्यक्रम छ ।

नयाँ वर्षको पूर्व प्रहरमा हुने उपनिर्वाचन सरकारमा सम्बद्ध दलहरुको साख परीक्षणको विषय पनि भएको छ ।

मतदान हुने तीन जिल्लाका तीन निर्वाचन क्षेत्रमा तनहुँ १, चितवन २ र बारा २ हुन् । देशव्यापी चुनावमा मतदाताको ध्यान बढी आआफ्नै क्षेत्रमा विभक्त हुन्थ्यो । तर यसपटक यी तीन उपचुनाव क्षेत्रमा आउने सम्भावित परिणामप्रति देशव्यापी ध्यान आकर्षित भएको छ । जो स्वाभाविक हो । यी क्षेत्रबाट गठबन्धनको पुनःशक्ति परीक्षण ।

तीनवटै क्षेत्रमा सरकारी गठबन्धन समर्थित उम्मेदवार प्रस्तुत छन् । बेग्लै अरु पनि उठ्ने नै भए । तर बारा २ मा गठबन्धनभित्रैका जसपा र जनमत पार्टीका बेग्लाबेग्लै प्रत्याशी छन् । गठबन्धन अरु सबै दलको संयुक्त समर्थन चाहिँ त्यहाँ जसपाले पाएको छ ।

वाध्यता, इच्छा, व्यावहारिक समानता वा संविधानको प्रावधानले नेपाली राजनीतिमा दलीय गठजोड पारम्परिक संस्कृतिजस्तै हुने लक्षण छ । यो वा त्यो गठबन्धन गर्ने अभ्यास खासगरी गणतन्त्रदेखि निरन्तर जारी छ । नेपाली राजनीतिको मूलधार दलीय गठजोडले लिँदैछ ।

चुनावमा जोड घटाउको तर्कहरु हुने नै भए । रणनीति र योगदानको कसीमा उम्मेदवारहरुको मूल्यांकन गरिने नै भयो । सबैले स्वच्छ, भद्र, सक्षम र सैद्धान्तिक उम्मेदवारको माग वा पक्षमा गफ गरेको सुनिने नै भयो । मत जसलाई दिए पनि गफमा चाहिँ समानता भेटिन्छ । अवसरवादी चरित्रलाई घृणा गर्ने मेसो पनि सबैको समान छ ।

साथै, यस्तै चुनावी बेला हो-एजेण्डाको कुरा गर्ने । राजनीतिक दलका घोषणापत्रहरु यसैका द्योतक हुन् । यसअघि चुनावमा आआफ्ना दलबाट घोषित पत्रहरु नै यस उपनिर्वाचनमा पनि दलका उम्मेदवार हरुको एजेण्डा हुन् । प्रतिबद्धता नै एजेण्डा हो ।

अहिलेका धेरै उम्मेदवारसँग गफ गर्ने सम्भव,असम्भव एजेण्डा सुनिन्छन् । जनता झुक्याउन पनि ती काम लाग्छन् । तर केही उम्मेदवारसँग एजेण्डासमेत उपलब्धिका उदाहरण पनि छन् । परख वा महसुस त बर्षौं अघिदेखिका भोक्ता नागरिकले गरेका हुन्छन् । बीस बर्षअघि के थियो र अहिले कस्तो छ ?

मानिसमा राजनीतिसँग गुनासो छैन । लोकतन्त्रसँग पनि दुखेसो पोख्दैनन् । बुझेकाहरु भन्छन्–राजनीति अपरिहार्य छ । राजनीतिमा लोकतन्त्र अविच्छिन्न हुनैपर्छ । तर, लोकतान्त्रिक राजनीति सञ्चालक नेताहरुसँग मानिसको गुनासो छ । असन्तुष्टि जहाकहीं सुनिन्छ ।

यही कारण विकल्प खोज्नुपर्छ भन्नेहरु सजिलै भ्रममा फस्न थालेका छन् । अवसरवादी, महत्वाकांक्षी र अराजनीतिक विकल्प खोज्नेहरुका मासिहा बनाइन थालेका छन् । खास राजनीतिको लागि यस्तो स्थिति जोखिमको संकेत हो ।

नेपाली जनमत गम्भीर चरित्रको छैन । चाडै बर्गेलिने प्रकृतिको छ । खासगरी युवा समूह । युवा खासगरी दुई कारणले अस्थिर छन् । पहिलो सञ्चारका यावत् माध्यमले दिने विश्वव्यापी जानकारीले युवा उद्वेलित र उत्साहित छन् । ती अरुसँग आफू र आफ्नो देशको तुलना गर्छन् । विदेश जाने रहर वा वाध्यता तिनले केही न केही बुझेका छन् ।

दोस्रो २१ देखि २५ वर्ष उमेर समूहको युवाले लोकतन्त्रको लागि संघर्ष गरेको छैन । संघर्षका ती कठोर दिनको अनुभूति पनि सँगाल्न पाएको होइन । ऊ बढी लोकतन्त्रको भोक्ता हो, लगानीकर्ताभन्दा । यस कारण उनीहरुलाई लोकतन्त्रको मूल्यबोध हलुको जस्तो लाग्छ । सञ्चार प्रविधिको पहुँचले विकसित लोकतान्त्रिक मुलुकसँग दाज्दा सयौं वर्ष पछाडि आफूलाई पाउँछ । ऊ असन्तुष्ट हुने नै भयो ।

तर, ती विकसित मुलुकले कति लामो यात्रा तय गरेर यहाँसम्म आए ? लोकतन्त्र निरन्तरको अभ्यास हो भन्ने पनि तिनले बुझन सकेनन् कि ? नागरिकले लोकतन्त्र र विकासको पक्षमा बाटो नबिराइ निरन्तर खबरदारी गर्नुपर्ने आवश्यकता समेत बोध गर्न सकेनन् कि ?

सामाजिक सञ्जालका चटपटे जानकारीमा स्वयं ज्ञानी ठान्ने युवाको अधिकांश हिस्सा समय वा इतिहासको गम्भीर अध्ययनबाट बेखबर हुँदैछ कि ? अध्ययन त परको कुरा त्यसको असीमित गहिराइ हुन्छ भन्ने बुझन पनि चाहँदैन सायद । यही कारण राजनीतिमा चटके, चटपटेहरुले आश्रय लिन पाएका छन्, प्रश्रय पाएका छन् । भन्न त भनिन्छ -नेपालमा पठन संस्कृति बढेको छ । होला, तर कस्तो पठन संस्कृति ?

यस्तो हुनुमा दलका निर्णायक नेताहरु नै बढी दोषी हुन् । ती नैतिक भएनन् । परिणाम दुस्प्रभावमा देखिँदैछ ।

अहिलेका निर्णायक भनिने नेताहरुलाई कि समयले लघार्छ कि समाजले लघार्दै छ तर तिनै दलभित्रका असल पात्र र प्रवृत्तिले त्यस्ता नेताका कृत्यको भारी बोक्नुपरेको दुःखद यथार्थ छ ।

राजनीतिका असल पात्रले स्पष्टीकरण दिनुपरेको छ । ओड ढाक्नु परेको छ । असल पात्र र प्रवृत्तिले नै सजाय भोग्नु परेको छ । यस्तैयस्ताको मूल्य दोहन गरेर खल प्रवृत्ति दलगत राजनीतिमा प्रभावशाली हुनपाएको छ ।

निर्वाचन चटके, पटके अवसरवाद अर्थात् खहरे रोज्ने कि नदीको मूल प्रवाह मतदाताकै विवेकमा निर्भर छ ।

त्रासमा टिकेको सरकार

ओम आचार्य

नेकपा (एमाले)सहित पाँच दलीय गठबन्धनबाट प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल 'प्रचण्ड' केपी ओलीको शैलीबाट त्रसित बनेपछि नेपाली कांग्रेससहितका दलहरूसँग गठबन्धन गर्न पुगे । अहिले त्यो गठबन्धन १० दलीयमा परिणत भएको छ ।

गणितको हिसावले यो संख्या सरकारको लागि उत्साहजनक हो । सरकार बलियो छ भन्ने देखिन्छ । यथार्थमा भने त्यस्तो नहुन सक्छ । अहिलेको सरकार त्रासमा टिकेको देखिन्छ । सरकारको नेतृत्व दाहालले गरेका हुनाले सरकारमा सम्मिलित भएका र हुने सबै यो सरकार भयको जगमा निर्मित भएको देख्दैछन् ।

प्रधानमन्त्री दाहाल प्रधानमन्त्रीको कुर्सीमा विराजमान छन् । त्यो कुर्सीको ऊर्जा राप र ताप भने उनमामा देखिँदैन । उनको अनुहारमा तेज र उज्यालो देखिँदैन । देखिन्छ त भयग्रस्त मलिनता । बरु दाहालको अनुहारबाट त भय निसृत भइरहेको देख्न सकिन्छ ।

अहिले देशको आर्थिक अवस्था जर्जर छ । ठूला उद्योगी व्यवसायीदेखि साना व्यवसायीसमेत सडकमा आन्दोलित छन् । र त्यो आन्दोलनको तारो दाहाल बन्दै गइरहेका छन् । उनको उपस्थितिमै भएको समारोहमा उनीविरुध्द नाराबाजीजस्ता क्रियाकलाप पनि भइरहेका छन् । भयको एउटा कारण यो पनि हो ।

राष्ट्रपति भ्लादिमिर पुटिनलाई अन्तर राष्ट्रिय अदालतले जारी गरेको पक्राउ पुर्जी भयको अर्को कारण हुनसक्छ । जे होस्, संसद्बाट विश्वासको मत पाएर बलियो देखिए पनि वास्तवमा त्यस्तो भोलि नहुन सक्छ । मन्त्रिपरिषद्मा नसमेटिएका दलहरूले समर्थन फिर्ता लिन सक्छन् । माओवादी त अझ अघि छ । माओवादीले राजनीतिको यही सिक्षा दिइरहेको छ । यही संस्कार दिएको छ । माओवादीको यही सिक्षा र संस्कार अब उनैतिर भारी पर्नसक्ने देखिन्छ ।

अहिले संसद्मा कुनै पनि राजनीतिक दलको बहुमत पुगेन । संसद्को अहिलेको संरचना नै यस्तो । यिनै कारणबाट यो सरकार सधैँ भय, त्रासमा निस्तेज भएर प्रस्तुत भएको हुनुपर्छ ।

दाहालले विश्वासको मत लिएपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने उद्घोष गर्नुको कारण पनि यही भय हो । आफू सुरक्षित रहने रणनीति । विश्वासको मत दिने दलहरु पनि यति लामो समयसम्म पर्खेर पनि सरकार जाने लोभमा देखिनुले समेत राजनीति स्वस्थ देखिएन ।

सरकार प्रमुखले लामो समयसम्म मन्त्रिमण्डल विस्तार नगरेर मुलुकलाई अन्योलमा राख्न मिल्दैन । अझ वर्तमान प्रधानमन्त्रीले त १६ वटा मन्त्रालय आफ्नै मातहात राख्दा सुशासनकै उपहास गरेजस्तै देखिएको छ ।

यी सबै भय र त्रासको अवस्थाले सिर्जित घटना न हुन् ।

अहिले सरकारमा जाने दलहरूले पनि आफ्नो घोषणापत्र, मतदाता समक्ष गरेका वाचा र प्रतिज्ञा पूरा गर्नसक्ने छैनन् ।

बरु, ती दलको भविष्यमा समेत प्रतिकूल प्रभाव पर्ने छ । यी दलको नेतृत्व गरेर जाने नेतृत्वकर्तासमेतको राजनीतिक भविष्यमा प्रश्न उठ्न सक्छ।

आर्थिक अवस्थामा सुधार ल्याउन नसके र जनताको इच्छा र माग सम्बोधन हुन नसके वर्तमान सरकार तथा त्यसमा सम्मिलित दलहरूमा कसैले धुन नसक्ने दाग लाग्नेछ । अहिले यस्तै दाग लागेकाहरू, रंग उडेका , खुइलिएका दललाई हिजोसम्म धोइपखाली गर्ने 'धोबी' हुने गर्थे । खुइलिएकोलाई पनासि चमक दिन्थे र दाग लागेकालाई 'स्वच्छ' बनाउँ थे । अबका धोबीले त्यसो गर्नेछैनन् । कारण, अब त्यो अवस्था छैन ।

यसैले यो सरकार भयको जगमा टिकेको देखिन्छ ।

> ठूलो भय त उनका विरुद्धमा द्वन्द्वकालमा पीडित भएका पक्षबाटै कारवाहीको लागि अदालतमा दायर गरिएको मुद्दा हो। यही भय र त्रासको वरिपरी रहेर पूर्व माओवादीमा संलग्न नेताहरू एकै ठाउँमा उपस्थित भएर अदालतमाथि चुनौती दिनसम्म पुगे।

अझ ठूलो भय त उनका विरुध्दमा द्वन्द्वपीडित पक्षबाटै कारबाहीको माग गर्दै अदालतमा दायर गरिएको मुद्दाका कारण देखिएको छ । यही भय र त्रासको वरिपरि रहेर पूर्वमाओवादीहरू एकै ठाउँमा उपस्थित भएर अदालतलाई चुनौतीसमेत दिन पुगे । अर्को भयको कारण रुसका अहिले राजनीति यसरी नै त विकसित भइरहेको छ ।

अहिलेको राजनीतिमा ठूला दल भनिएकाहरूले साना दललाई यही सिकाइरहेका छन् । यही राजनीतिक संस्कार दिइरहेका छन् । चाहे त्यो कांग्रेस होस् या नेकपा एमाले । यसमा

नयाँ वर्ष : नयाँ सोच र जिम्मेवारी

शुक्रऋषि चौलागाई

'नयाँ' शब्द आफैंमा खुसी, उत्साह र रहस्यले भरिएको हुन्छ । नयाँ वर्ष आजदेखि सुरु भएको छ । विक्रम संवत् लाई आधार मानी हरेक वर्षको वैशाख १ गतेलाई नेपालमा नयाँ वर्षका रूपमा मनाउने प्रचलन छ । नेपालमा खास जाति विशेषका बेग्लै नयाँ वर्षहरू मनाइँदै आइए पनि विक्रम संवत् नै सबै नेपालीको साझा बन्दै आएको छ । विक्रम संवत् हिन्दू पञ्चाङ्गमा आधारित राष्ट्रिय पात्रो हो । जुन प्राचीन हिन्दू परम्परा र वैदिक समय अङ्कनमा आधारित छ ।

विक्रम संवत् अङ्ग्रेजी पात्रोभन्दा झन्डै ५६ वर्ष आठ महिना १५ दिन अगाडि छ । सूर्यसँग सम्बन्धित भएकाले यसमा ग्रह, नक्षत्रका नाम पनि महिनासँग सम्बन्धित छन् । विश्वका सबै मुलुकमा एउटा नयाँ वर्ष हुन्छ र सबैको भलो होस् भन्ने भावनाका साथ नयाँ वर्ष मनाउने चलन हुन्छ । नयाँ वर्षको पूर्वसन्ध्यामा विश्वभर छरिएर रहेका नेपालीहरूले एक आपसमा शुभकामना दिन सुरु गरिसकेका छन् । विशेषतः आपसमा शुभकामना आदानप्रदान, भेटघाट, खानपिन, घुमफिर र रमाइलो गरेर नयाँ वर्षको स्वागत गरिन्छ । नयाँ वर्षमा विभिन्न नयाँ काम सुरु गर्ने र विभिन्न शक्तिपीठमा दर्शन गर्ने पनि चलन छ ।

नयाँ सोच

हामीसँग २०७९ सालले बिदा लिएको छ । वर्षले बिदा लिइरहँदा वर्षभरि भए/गरेका घटनाको स्मरण गर्ने र समीक्षा गर्ने पनि गरिन्छ । वर्षभरि हामले के कस्ता काम गर्‍यौं ? कति सफल भयौं, कति असफल ? के कस्ता चुनौती आइलागे ? ती चुनौती पार गर्न के कस्तो पहल गर्‍यौं ? थप सफलताका लागि के गुर्नपर्थ्यो ? के गर्नुपर्छ आदि जस्ता विषयको गहन मनन, समीक्षा गर्नुपर्छ भन्ने लाग्दछ । स्वयंले स्वयं (बानी/व्यहोरा) को समीक्षा गर्न पनि जरुरी छ । साथै आगामी कामको योजना बनाउने र पूरा गर्न प्रतिबद्धता गर्ने दिन पनि हो आज ।

नयाँ वर्ष भन्ने बित्तिकै नयाँ जोस, नयाँ सोच र नयाँ उमङ्ग थपिनु स्वाभाविक हो । त्यसमाथि मानिस आशावादी हुन्छ । आशाले भविष्य निर्माणलाई सघाउन मद्दत गर्छ । जीवनलाई डोऱ्याउन विगत बिर्सेर भविष्यप्रति आश्वस्त हुनैपर्छ । सुन्दर भविष्य निर्माणका लागि थुप्रै काम गर्नुपर्ने हुन्छ । धेरैले आफ्नो कार्य योजना, कार्यान्वयनको स्पष्ट खाका र त्यो पूरा गर्ने सपना बुनेका हुन्छन् । त्यति मात्रै होइन, नयाँ वर्षमा एकले अर्कोलाई ती सपना पूरा होऊन् भन्ने कामना गर्ने पनि गरिन्छ । त्यो कामना लागू गर्न स्वयं क्रियाशील हुन भने जरुरी छ । भनिन्छ- ईश्वरले पनि 'तँ आँट म पुऱ्याउँछु भन्छन् रे' । तसर्थ नआँटीकन/ नगरीकन केही पूरा हुँदैन । सुन्दर भविष्यको कल्पना र त्यो साकार गराउने सोच स्वयमबाट ल्याउन जरुरी छ ।

नयाँ वर्षको स्वागत गरिरहँदा निराशा, आक्रोश र नकारात्मक सोचलगायतका प्रवृत्ति त्यागनु पर्दछ । काम गर्न सबैले जानेका हुन्छन् तर कुन सोच/तरिका (फरकपन) ले गर्ने भन्ने कुरा नै महत्वपूर्ण हुन्छ । नयाँ सोच र फरक तरिकाले काम गर्ने नै सफल व्यक्ति बनेको उदाहरण पाइन्छ । नयाँ सोचले नै जीवन जिउने भरपर्दो कला सिकाउँछ । त्यसैले नयाँ वर्षलाई सबैले सकारात्मक सोचका साथ स्वागत गरौं, अवलम्बन गरौं । यसले वर्षभर नयाँ सोच सिर्जना गर्न र आपसमा सद्भाव कायम राख्न मद्दत पुग्नेछ भन्ने कामना गरौं ।

नयाँ जिम्मेवारी

नयाँ समयले नयाँ चुनौतीसँगै नयाँ जिम्मेवारी पनि दिन्छ । शुभकामना दिनुलाई सामान्य अर्थमा लिइए पनि यसको गहन अर्थ र व्यापकता छ । शुभकामना आदन-प्रदानलाई अचेल बढ्दा औपचारिकता दिएजस्तो देखिए पनि यसले वास्तवमा जिम्मेवारीबोध गर्न उद्यत गराउँछ । शुभकामना दिने र लिने विषय मात्र हैन, यसलाई जिम्मेदारीका साथ मनन गर्ने, कार्यान्वयन गर्ने ऑट पनि देखाउनु पर्दछ । काममा शुभ हुन् या शुभ बनाउनका लागि शुभ काम गर्न जरुरी छ ।

नयाँ वर्षलाई स्मरणीय र ऐतिहासिक बनाउन हरेकमाझ चुनौतीसँगै अवसर पनि छन् । अनेकन आरोह अवरोहबीच हरके मान्छेलाई अवसरहरू आइरहन्छन् । तथापि तिनलाई चिन्न र छोप्न सक्नुपर्दछ । त्यस्तै अवस्था अहिले नेपालीमाझ छ । परिस्थितिले हामीलाई नयाँ र महत्वपूर्ण अभिभारा दिएको छ । देश आर्थिक सङ्कटोन्मुख छ । नयाँ सरकार निर्माणसँगै केही आशा गरिए पनि निराशाको चाङ भने घटिसकेको छैन । कठिन घडीमै मान्छेको मूल्याङ्कन हुन्छ । समयको परिवर्तनलाई आत्मसात् गर्न सके मात्रै देश, सरकार र नागरिकले आफूलाई स्थापित गराउन सक्छन् । राजनीतिक नेतृत्वले मात्र हैन, हरेक नागरिकले यतिबेला कुशल नेतृत्व क्षमता र जिम्मेदारिता देखाउनुपर्ने आवश्यकता छ ।

असन्तुष्टिलाई आशामा बदल्ने काम सरकार र दलका नेताहरूको मात्र हैन, हामी सबैको हो । हाम्रो समस्या हामी आफैंले समाधान गर्ने हो । जहाँ समस्या छ, त्यहीं समाधान पनि हुन्छ । त्यहींबाट संवादको थालनी गर्नुपर्छ । बाहिरबाट समस्याको समाधान खोजिनु हुँदैन । घरभित्रको समस्या घरभित्रै खोजिए । त्यसले दिगो र परिपक्व समाधान दिन सक्छ । बाहिरबाट खोजिएको समाधान राष्ट्रिय स्वार्थसँग मेल नखाने सम्भावना रहन्छ । हिजो दश वर्षको सशस्त्र युद्धको समाधान आन्तरिक रुपमै खोजिएको उदाहरण हामीसँग छ । आपसी विश्वास र सहकार्य बिना राजनीतिले निकास पाउँदैन, जनताले विकास पाउँदैनन् । जहाँ इच्छा त्यहीं उपाय भने झैं समस्या समाधान गर्ने चाहना राख्न सक्नुपर्छ । सबैले आ-आफनो दायित्व र जिम्मेवारी सम्झिनुपर्ने हुन्छ । हरेकमा जनता र देशप्रतिको दायित्वबोध हुन जरुरी छ । नयाँ वर्षले हामी सबैलाई नयाँ जिम्मेवारी बहन गर्ने सोच र शक्ति देओस् ।

अन्तमा

समय परिवर्तनशील छ । हाम्रो जीवन पनि परिवर्तित छ । मान्छे स्वयं पनि परिवर्तनकारी हो । राजनीति पनि परिवर्तित छ । आजको पुस्ताले विभिन्न राजनीतिक परिवर्तनहरू भोगेको छ । तर पनि धेरैको जीवन पद्धतिमा खास परिर्वतन भएको पाइएको छैन । महिनासँगै वर्ष फेरिए तर धेरैको जीवन फेरिएको छैन । जनता सधैं परिवर्तनको पक्षधर भए पनि परिवर्तनको अनुभूत गर्न सकिरहेका छैनन् । जो कोही पनि भविष्यप्रति आशावादी हुन्छ, हुनै पर्छ । तथापि, त्यो आशालाई विश्वासमा रुपान्तरण गर्ने काम राजनीतिक दल र सरकारको हो । असल राज्य प्रणालीको हो ।

राजनीतिक दलहरूबीचमा थुप्रै असहमति होलान् । तर शान्ति/सुरक्षा, नागरिकअधिकार, सामाजिक विकास जस्ता आधारभूत सवालमा दल र नेतागणले साझा धारणा बनाउन सक्नुपर्छ । सरकार र दलका राम्रा काममा नागरिकले पनि साथ र सहयोग गर्ने प्रतिबद्धता जनाउनुपर्छ । दैनिकी जीवनमा असर पर्ने खालका आन्दोलन/गतिविधि कहीं कतैबाट पनि हुनु हुँदैन । यस्ता गतिविधिले पश्चाताप/क्षति सिवाय केही दिँदैन । विगतका गल्ती कमजोरीलाई सच्याउँदै आइन्दा नगर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुपर्दछ । नयाँ वर्ष २०८० सबैका लागि सुखद होस्- यही शुभकामना ।

(लेखक शुक्रऋषि चौलागाई नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश उपाध्यक्ष हुनुहुन्छ ।)

अवसर पाएकाले कांग्रेसलाई बिर्से : महामन्त्री शर्मा

दमौली । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसबाट पहिचान बनाएकाहरुले कांग्रेसलाई भुल्न नहुने बताउनुभएको छ । नेपाली कांग्रेस तनहुँले बिहीबार व्यास नगरपालिका-३ मा आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले कांग्रेसबाट अवसर लिनेहरु नै अहिले कांग्रेसलाई भुलेको आरोप लगाउनुभयो ।

“कांग्रेसबाट अवसर लिएकाहरुले नै बिहीबार कांग्रेसले के दियो भन्ने गरेको सुनिँदै आएको छ, बिहीबार मातातीर्थ औँसी पनि हो, जसले पहिचान र अवसर दियो त्यो पनि आमा सरह नै हो,” महामन्त्री शर्माले भन्नुभयो ।

महामन्त्री शर्माले आमालाई एक दिनमात्र नभइ सधैँ सम्मान गर्नुपर्ने बताउनुभयो । “एकदिन सम्मान गरी फोटो खिचाउँदैमा आमाप्रति सम्मान हुँदैन, आमा त भगवान हुन् सधैँ सम्मान गर्नुपर्छ,” शर्माले भन्नुभयो ।

महामन्त्री शर्माले गोविन्द भट्टराईले तनहुँ छाडेर अन्यत्रबाट पनि टिकट पाउँदा विगतमा अन्य क्षेत्र जान नमान्नुभएको चर्चा गर्दै भन्नुभयो, “उहाँलाई अन्यत्रबाट पनि चुनाव लड्न आग्रह गरिएको हो, तर उहाँले जन्मभूमि छाडेर अन्यत्र जान्न, जहिले टिकट पाउँछु त्यहीबेला लड्छु भनेर बस्नुभएको हो । उहाँमा मातृभूमिप्रति सम्मान छ ।”

महामन्त्री शर्माले संसद् नहुँदा पनि भट्टराईले यहाँका जनताका लागि धेरै काम गरेको चर्चा गर्दै अब संसद्मा पुऱ्याएर उहाँमा विकासप्रतिको काम गर्ने चाहनालाई पूरा गर्ने बेला आएको बताउनुभयो ।

सो अवसरमा उम्मेदवार भट्टराईले प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए संसद्मा आमा, दिदीबहिनीको हकहितका लागि आवाज उठाउने प्रतिबद्धता जनाउनुभयो । भट्टराई आफ्नो जन्मभूमिको सेवाका लागि सदैव क्रियाशील रहने बताउँदै उहाँले एकपटक काम गर्ने अवसर प्रदान गर्न आग्रह गर्नुभयो । रासस

गठबन्धनलाई हार्ने छुट छैन : सभापति देउवा

चितवन । नेपाली कांग्रेसका सभापति एवम पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उपनिर्वाचनमा गठबन्धनलाई हार्ने छुट नभएको बताउनुभएको छ ।

लोकतान्त्रिक-वाम गठबन्धनले बिहीबार चितवनको कालिका नगरपालिकामा आयोजना गरेको चुनावीसभामा सभापति देउवाले गठबन्धनका उम्मेदवारलाई जिताएर पठाउन मतदातालाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “तपाईंहरूले जिताएर पठाउनुस्, मन्त्री बनाउने काम मेरो भयो ।”

अहिलेको सत्ता गठबन्धनले पाँच वर्ष सरकार चलाउने उल्लेख गर्दै उहाँले विकासका लागि समेत दुक्क रहन आग्रह गर्नुभयो । “चितवन ऐतिहासिक जिल्ला हो । जिताएर पठाउनुस्, अरु हामी गर्छौं । जीतनारायण श्रेष्ठ काम गरेको र दुःख गरेको मान्छे भएकाले निर्वाचनमा जिताउनुपर्छ”, सभापति देउवाले भन्नुभयो-“विसं २००७, २०४७ साल र २०६२/६३ सालको जनआन्दोलनमा यहाँका साथीहरूको सहभागिता र सक्रियतालाई बिर्सन हुँदैन् ।”

चुनावीसभामा नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय उपाध्यक्ष राजेन्द्र पाण्डेले प्रजातन्त्रको बहालीका लागि अग्रपङ्क्तिमा लड्दै आएको चितवनका बासिन्दाले आफ्नो मतलाई गलतरुपमा प्रयोग गर्न नहुने बताउनुभयो । विचार र सिद्धान्त नभएको पार्टीले देशलाई सुशासन दिन

नसक्ने उहाँको भनाइ थियो ।

सोही अवसरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले देशमा व्यक्तिवादी चरित्र हाबी हुन थालेको उल्लेख गर्दै पुराना र इतिहास बोकेका पार्टीलाई सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “अवसरवादीले राजनीतिक दललाई घेराबन्दी गरेका छन्, त्यसलाई तोडेर अघि बढ्नुपर्छ ।”

कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाणले आगामी चार वर्षमा आम नागरिकले देख्ने गरी विकास हुने बताउनुभयो । विकासका लागि सत्ता गठबन्धनका उम्मेदवार जिताउनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा चितवन क्षेत्र नं २ बाट लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट उम्मेदवार नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठले आफूले यस क्षेत्रको समस्या नजिकबाट पहिचान गरेकाले समस्या समाधान गर्न पनि जिम्मेवारी दिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “यहाँको विकासका लागि मेरो भूमिका महत्वपूर्ण रहने छ । यहाँको विश्वासलाई धोका दिने छैन ।”

चुनावीसभालाई नेकपा (माओवादी केन्द्र) का स्थायी कमिटी सदस्य नारायण दाहाल, एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य सावित्रा भुसाल, जिल्ला अध्यक्ष अरुणपीडित भण्डारी, नेपाली कांग्रेसका जिल्ला सभापति राजेश्वर खनाललगायतले सम्बोधन गर्नुभएको थियो । रासस

मिटरब्याज पीडितलाई आन्दोलन फिर्ता लिन सरकारको आग्रह

काठमाण्डु । सरकारले मिटरब्याज पीडितलाई न्याय दिने प्रक्रिया सुरु भइसकेको भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरेको छ ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बिहीबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आन्दोलन फिर्ता लिएर सरकारलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

“मिटरब्याज पीडितलाई न्याय दिन सरकारले कदम चालिसकेकोछ”,उहाँलेभन्नुभयो, “उजुरी दिएर सरकारलाई सहयोग गरिदिनु होला ।”

सरकारले लिएको अग्रसरतालाई निरुत्साहित पार्ने गरी आन्दोलन नगर्न पनि उहाँले आग्रह गर्नुभयो ।

मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न सरकारले कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको जानकारी दिँदै उहाँले सो समस्या समाधान गर्न उच्चस्तरीय आयोग बनाइएको बताउनुभयो । रासस

अर्थमन्त्री महतको ‘कोर टीम’मा ३ जना

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि विज्ञ समूह गठन गरेका छन्।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा अर्थविद् विश्व पौडेल, अर्थविद् डा. पोषराज पाण्डे र राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट रहेको विज्ञ समूह गठन गरेका हुन्।

अर्थमन्त्री महतले आगामी बजेटबाट नीतिगत सुधारका साथै बजेटलाई यथार्थपरक बनाउने प्रयास गर्ने उनको सचिवालयले जनाएको छ।

सेनाको पदयात्रा विजयोत्सवमा परिणत

लुम्बिनी । नेपाली सेनाले राष्ट्रिय झन्डासहित गोरखाबाट सुरु गएको पदयात्रा आज बुटवलको जितगढी आएर समापन भएको छ । गत चैत २८ गते गोरखाको राज्य एकीकरण मार्ग हुँदै नेपाल-अङ्रेज युद्धमा नेपाली फौजले विजयप्राप्त गरेको बुटवल जितगढीमा विजयोत्सव मनाउन आज वैशाख ७ गते बुटवलको जितगढी आइपुगेको हो ।

बुटवल उपमहानगरपालिकाले वैशाख ७ गते आजकै दिनलाई विजयोत्सवका रूपमा हरेक वर्ष जितगढीमा विजयी उत्सव मनाउँदै आएको छ ।

नेपाली सेनाका क्याप्टेन राजकुमार श्रेष्ठको नेतृत्वमा ४८ जनाको टोलीले गोरखाबाट पदयात्रा सुरु गरेको थियो । नेपालको राष्ट्रिय झन्डाको साथमा पाँच प्रथम कम्पनी (श्रीनाथ, कालिबक्स, बर्दबहादुर, सबुज, पुरानो गोरख) र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्मको झन्डा बोकेर बाजागाजासहित सेनाको टोली पदयात्रामा निस्किएको थियो ।

गोरखाबाट प्रस्थान गरेको टोलीले सतीघाट पुगेर तनहुँको टोलीलाई झन्डा हस्तान्तरण गरेका थिए भने तनहुँको टोलीले केलादीघाट पुगेर पाल्पालाई तथा पाल्पाले नुवाकोटगढी पुगेर रुपन्देहीलाई झन्डा हस्तान्तरण गरेको मध्यपश्चिम प्रितना हेडक्वार्टर बुटवलका पृतनापति यामप्रसाद ढकालले जानकारी दिनुभयो । रुपन्देहीको टोलीले जितगढी विजयोत्सवको दिन पारेर वैशाख ७ गते आज जितगढी पुऱ्याएपछि कर्णेल उजिर सिंहको सालिकमा माल्यार्पणपछि यात्राको समापन गरिएको हो ।

पाल्पाको नुवाकोटबाट आएको टोलीलाई बुटवल उपमहानगरपालिका-२ स्थित सिद्धिविनायक गणेश मन्दिर परिसरमा पृतनापति यमप्रसाद ढकाल र बुटवल उपमहानगरका प्रमुख खेलराज पाण्डेसहितको टोलीले स्वागत गरेको थियो । सो स्थानबाट विभिन्न झाँकी र बाजागाजासहित जितगढी किल्लामा आएर पदयात्राको समापन गरिएको थियो ।

एकीकरण मार्गसहित ऐतिहासिक धरोहरको जगेर्ना गर्ने, ऐतिहासिक एकीकरणको अभियानको सन्देशलाई भावी पुस्तामा हस्तान्तरण गर्ने र राष्ट्रिय एकताको भावना थप प्रगाढ बनाउने उद्देश्यले सरोकारवाला, स्थानीय निकायको सहभागितामा पदयात्रा कार्यक्रम तय गरिएको पृतनापति ढकालले बताउनुभयो ।

गोरखादेखि जितगढी पुग्ने ५५ जनाको टोली रहेको र जिल्ला-जिल्लाका ३५ जना सेनाको सहभागितामा पदयात्रा गरिएको नेपाली सेनाले जनाएको छ । राष्ट्रिय एकताको जगेर्ना, पर्यटन प्रवर्द्धन तथा सैनिक-नागरिक सम्बन्ध थप प्रगाढ बनाउँदै जाने र नेपालका ऐतिहासिक धरोहर गढी, किल्ला सबैको अवलोकन गर्ने गरी कार्यक्रम आयोजना गरिएको पृतनापति ढकालले बताउनुभयो ।

नेपाली सेनाका अनुसार यात्रामा गोरखाको रिपुमर्दन गण, तनहुँको रुरु भैरव दल गण, काली भञ्जन गण, राजदल गण, स्याङ्जाको समरजित गुल्म, पाल्पाको दि फेमस महिन्द्र दल गण र रुपन्देहीको गरुड दल गण प्रत्यक्ष सहभागी छन् । सो टोलीले गोरखादेखि जितगढीसम्म करिब दुई सय सात किलोमिटर दूरीको पदयात्रा पार गरेको छ ।

भारतीय नागरिकको सेनाद्वारा उद्धार

काठमाण्डु । नेपाली सेनाले अन्नपूर्ण हिमालको आधार शिविर क्षेत्रमा केही दिनदेखि हराइरहेका भारतीय नागरिक अनुराग मल्लुको उद्धार गरी पोखरा हुँदै काठमाडौँ ल्याएको छ ।

अन्नपूर्ण हिमाल आरोहणका क्रममा मल्लु यही वैशाख ४ गते दिउँसो २:३० बजे क्याम्प-२ र ३ को बीचमा हिउँको खोचमा परी हराइरहेका थिए । अन्नपूर्ण हिमालको सफाइ अभियानमा जुटेको नेपाली सेनाको टोलीको सहयोगमा फेला पारी उहाँको आज बिहान उद्धार गरिएको हो । स्वास्थ्य गम्भीर अवस्थामा रहेका मल्लुलाई आधार शिविरमा ल्याएर सेनाको चिकित्सक टोलीले प्राथमिक उपचार गरेको र त्यसपछि पोखरास्थित मणिपाल अस्पताल हुँदै थप उपचारका लागि सेनाकै हेलिकोप्टरबाट काठमाडौँ ल्याइएको नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो । उहाँको अहिले मेडिसिटी अस्पतालमा उपचार भइरहेको छ ।

यसैबीच जाजरकोट र रुकुमबीच भएर बग्ने ठूलीभेरी नदीमा जडान गरिएको बेलीब्रिज भत्किँदा चार श्रमिक गम्भीर घाइते भएकामा सेनाको टोलीले उद्धार गरेको छ । उनीहरूलाई उपचारका लागि नेपाली सेनाको हेलिकोप्टरमार्फत बाँकेको नेपालगञ्ज लगिएको प्रवक्ता भण्डारीले जानकारी दिनुभयो । रासस

विप्लवले १० कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुलाई एउटै मञ्चमा उभ्याउने

टुडे समाचारदाता

काठमाण्डु । नेकपा महासचिव नेत्रविक्रम चन्द‘ विप्लव’ले विभिन्न १० कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुलाई एउटै मञ्चमा उभ्याउने भएका छन् ।

तत्कालीन नेकपा स्थापना भएको ७५ औँ वर्षगाँठको उपलक्ष्यमा वैशाख ९ गते उनले आमसभा गर्ने भएका हुन् । नेकपा प्रवक्ता खड्गबहादुर विश्वकर्माले बिहीबार एक विज्ञप्ति जारी गर्दै देशका १० कम्युनिस्ट पार्टीका नेताहरुलाई बोलाएर काठमाडौँको खुलामञ्चमा कार्यक्रम गर्न लागिएको बताए ।

वैशाख ९ गते काठमाडौँको सुन्धाराबाट सुरु भएको जुलुस खुलामञ्चमा पुगेर आमसभामा परिणीत हुने भएको छ । त्यस सभालाई नेकपा एमाले, नेकपा माओवादी केन्द्रसहित १० पार्टीका शीर्ष नेताहरुलाई सम्बोधन गर्न निमन्त्रणा गरिएको छ ।

राजनीतिक अस्थिरताले दुश्चक्रमा फसेको, आर्थिक संकट चुलिएकाले देशभक्त वामपन्थी पार्टी र नेताहरुबीच गम्भीर छलफल हुने बताएको छ ।

भारतीय सांस्कृतिक सम्बन्ध परिषद् स्थापना दिवस मनाइयो

काठमाण्डु । यहाँस्थित भारतीय राजदूतावास, स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले बुधबार एक कार्यक्रमको आयोजना गरी ७३औँ भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसीआरआर) स्थापना दिवस मनाएको छ ।

आइसीआरआरका एलम्नाइबीचको मैत्री सम्बन्धलाई अझ प्रगाढ बनाउन आयोजित सो कार्यक्रम जारी ‘आजादीका अमृत महोत्सव’को एक हिस्साका रूपमा रहेको छ । कार्यक्रममा दूतावासका नियोग उपप्रमुख प्रसन्न श्रीवास्तवले भारतमा अध्ययन गर्न छात्रवृत्ति तथा फेलोसिपमार्फत आइसिसीआरले भारत र नेपालका जनताबीच मित्रभाव निर्माण गर्नुका साथै दुई देशबीचको मित्रतालाई थप प्रगाढ बनाएको बताउनुभयो ।

कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका शिक्षक तथा कलाकारले विभिन्न शास्त्रीय राग झल्किने साङ्गीतिक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो । साथै चर्चित सङ्गीतकर्मी एवं आइसीआरआर एलम्नाइद्वय डा हरिप्रसाद पौड्याल (बाँसुरी) र यात्रीराज अधिकारी (भायोलिन)ले जुगलबन्दी प्रस्तुत गर्नुभएको थियो ।

भारत र नेपालबीच सदियौँदेखि रहिआएको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउनेतर्फ स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौँ प्रयासरत छ । रासस

निर्वाचनमा उम्मेदवारभन्दा पार्टीको मुख्य मुद्दा बन्नुपर्छ : महासचिव पोखरेल

लुम्बिनी । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले हरेक निर्वाचन उम्मेदवारको भन्दा पार्टीको मुख्य मुद्दा बन्नुपर्ने बताउनुभएको छ । उहाँले निर्वाचनमा उम्मेदवारले नभएर पार्टीले उसको अभियानलाई नेतृत्व गर्नुपर्ने उल्लेख गर्नुभयो ।

एमाले लुम्बिनी प्रदेशको ‘ मिसन ग्रासरुट’ समीक्षा बैठकलाई बिहीबार बुटवलमा सम्बोधन गर्दै महासचिव पोखरेलले एमालेको नेतृत्वमा बहुमतको सरकार बनाउन जनमत वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । “चुनावमा जित्ने मात्र खोज्ने नीति, विचार नबुझेको मान्छे खोज्ने हो भने पार्टी सङ्गठनलाई बलियो बनाउन र स्थायित्व दिन सकिँदैन”, उहाँले भन्नुभयो, “अबको चुनाव पार्टीको नेतृत्वमा जनताबीच भिजेका, विचार राम्रोसँग बुझेका र परिवर्तनमा योगदान दिएका व्यक्तिलाई उम्मेदवार बनाउँछौं ।”

महासचिव पोखरेलले निर्वाचनमा पैसावाला प्रवृत्ति हाबी हुँदै गएको उल्लेख गर्दै यसलाई रोक्नुपर्ने बताउनुभयो । पैसावालाले मात्रै चुनाव जित्ने भनेर टिकट दिने प्रवृत्तिलाई फेर्नुपर्ने उहाँको भनाइ थियो । महासचिव पोखरेलले राजनीतिक अस्थिरता सिर्जना गर्न बलिया, पुराना राजनीतिक दल निर्माण हुन नदिने र कमजोर बनाउने खेल भइरहेको आरोप लगाउनुभयो ।

“एमालेका हरेक नेता तथा कार्यकर्ताले जनताको सरोकारमा ध्यान पुऱ्याउन आवश्यक छ”, उहाँले भन्नुभयो-“जनताको चासोमा ध्यान दिन नसके उनीहरुसँगको सम्बन्ध टुट्छ ।” रासस

एमालेले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छ : सचिव भट्टराई

दमौली । नेकपा (एमाले)का केन्द्रीय सचिव योगेश भट्टराईले संसद्मा आफ्नो पार्टीले सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्ने बताउनुभएको छ । प्रेस चौतारी नेपाल तनहुँ शाखाले आज दमौलीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले संसद्मा टाउको हल्लाउनेमात्र नभई कमजोरी औँल्याउने भूमिका एमालेले निभाउने बताउनुभयो ।

सचिव भट्टराईले प्रधानन्यायाधीश नियुक्तिका लागि संसदीय सुनुवाइ समिति बनाउन एमालेले प्रस्ताव गरेको बताउनुभयो । “संवैधानिक परिषद्मार्फत प्रधानन्यायाधीश नियुक्तिका लागि बैठक बसे पनि त्यो टुङ्गोमा पुग्न सकेको छैन, प्रधानन्यायाधीश नियुक्तिका लागि संसदीय सुनुवाइ समिति गठन गरौं भन्ने एमालेको प्रस्ताव हो”, उहाँले भन्नुभयो।

सचिव भट्टराईले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित सत्य निरुपण तथा मेलमिलाप विधेयकमा एमालेको केही आपत्ति रहेको बताउनुभयो । “उक्त विधेयक पीडितको पक्षमा हुनुपर्छ भन्ने हाम्रो भनाइ हो, पीडितले न्याय पाउनुपर्छ भन्ने पक्षमा हामी छौं ।” रासस

राष्ट्रपति पौडेलको स्वास्थ्य अवस्था सुधारोन्मुख

काठमाण्डु । भारतको नयाँ दिल्लीमा उपचाररत राष्ट्रपति रामचन्द्र पौडेलको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको छ। उहाँको उपचारमा संलग्न सम्बन्धित चिकित्सकले बिहीबार सो जानकारी दिनुभएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ।

राष्ट्रपति पौडेलको स्वास्थ्योपचार बुधबारदेखि नयाँ दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थानमा जारी छ। उहाँ उपचारका लागि बुधबार नयाँ दिल्ली जानुभएको हो। रासस

जनकपुर टुडे

यमनमा सहयोग वितरणस्थलमा भागदौड हुँदा ८५ जनाको मृत्यु

एएफपी

साना । युद्धग्रस्त यमनमा बिहीबार आयोजित एक च्यारिटी वितरण कार्यक्रममा भएको झडपमा परी ८० जनाभन्दा बढीको मृत्यु हुनुका साथै सयौँ घाइते भएका हुथीका अधिकारीहरूले बताएका छन् । इस्लाम धर्मावलम्बीको पवित्र महिना रमजानको अन्त्यको प्रतीकका रुपमा मनाइने इद अल-फित्रको केही दिनअघि अरब प्रायद्वीपको सबैभन्दा गरिब देशमा पछिल्लो दुर्घटना भएको हो ।

हुथीका एक सुरक्षा अधिकारीका अनुसार राजधानी यमनको बाब अल-यमन जिल्लामा भएको भागदौडमा परी कम्तीमा ८५ जनाको मृत्यु हुनुका साथै ३२२ भन्दा बढी घाइते भएका छन् । उनले भने, "मृत्यु हुनेमा महिला र बालबालिका पनि छन् ।" अर्का एक स्वास्थ्य अधिकारीले मृतकको उक्त सङ्ख्या पुष्टि गरेका छन् ।

हुथीको नियन्त्रणमा रहेको सानास्थित एएफपीका एक संवाददाताका अनुसार यो घटना एक विद्यालयभित्र भएको हो, जहाँ सहायता वितरण भइरहेको थियो ।

प्रत्यक्षदर्शीहरूका अनुसार गरिबीको चपेटामा परेको यस देशमा सयौं मानिसहरू खाद्यान्न लगायतका आधारभूत समग्रीको सहयोग लिन भेला भएका थिए ।

हुथी विद्रोहीको अल मसिराह टिभी च्यानलले प्रसारण गरेको एक भिडियोमा शवहरूलाई एकसाथ पोको पारिएको देखिएको छ र मानिसहरू उक्त स्थानमा एक अर्कामाथि चढेर आफ्नो बाटो बनाउने प्रयास गरिरहेका छन् ।

धेरैको मुख अरूको हातले छोपेको थियो भने बाँकी शरीर घना भीडले ढाकेको फुटेजमा देखाइएको छ ।

सैनिक पोसाकमा सजिएका सशस्त्र लडाकुहरू र वितरण कर्मीहरूले भीडलाई चिच्याउँदै मानिसहरूलाई भागदौडबाट बाहिर निकाल्ने क्रममा पछाडि फर्कन आग्रह गरे।

हुथीको गृह मन्त्रालयले विद्रोहीको समाचार संस्था सबाद्वारा जारी गरेको विज्ञप्तिमा मृतक र घाइतेलाई नजिकैको अस्पतालमा लगिएको र वितरणमा जिम्मेवार व्यक्तिहरूलाई हिरासतमा लिइएको जनाएको छ ।

मन्त्रालयले यकिन सङ्ख्या भने नदिएको तर केही व्यापारीले अनियमित रूपमा रकम वितरण गर्ने क्रममा भागदौड मच्चिँदा दर्जनौं व्यक्तिको मृत्यु भएको जनाएको छ ।

हुथीका राजनीतिक प्रमुख महदी अल मशातले घटनाको छानबिनका लागि एक समिति गठन गरिएको बताएका छन् ।

हुथीका एक सुरक्षा अधिकारीले घटनामा संलग्न भएको आशङ्कामा तीन जनालाई पक्राउ गरिएको बताएका छन् ।

मृतक र घाइतेलाई भेट्न उच्च अधिकारीहरू पनि गएकाले धेरैलाई अस्पताल जान दिइएन । सानामा एएफपीका एक संवाददाताले अस्पतालको एउटा प्रवेशद्वारमा ठूलो भीड ओर्लेको देखेको बताए ।

समाचारदाताका अनुसार घटना भएको विद्यालय वरपर ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ । उनीहरूले मृतकका प्रियजनहरूलाई आफन्तहरूलाई खोज्न अस्पतालभित्र पस्न दिएका छैनन् ।

अल मसिराह टिभीमा प्रसारित फुटेजमा परिसरभरि लासहरू छरपस्ट भएको देखिएको छ, जुन क्षेत्र खाली भएपछि चप्पल र कपडाको टुक्राले भरिएको थियो ।

यमनमा आठ वर्षभन्दा बढी समयदेखि जारी गृहयुद्धलाई संयुक्त राष्ट्रसङ्घले विश्वकै सबैभन्दा खराब मानवीय त्रासदीको रूपमा व्याख्या गरेको छ ।

सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले सानालाई कब्जामा लिएपछि द्वन्द्व सुरु भएको थियो, जसका कारण साउदी नेतृत्वको गठबन्धनले अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई समर्थन गर्न अर्को वर्ष हस्तक्षेप गरेको थियो ।

गत वर्ष संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको ६ महिना लामो युद्धविरामको समयावधि अक्टोबरमा सकिएपछि पनि युद्ध नाटकीय रूपमा कम भएको थियो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार हुथी नियन्त्रित क्षेत्रका सरकारी कर्मचारीसहित दुई तिहाइभन्दा बढी जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार यस वर्ष दुई करोड १७ लाख भन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो छ ।

भागदौडको त्रासदीले देशका युद्धरत पक्षहरूबीच ठूलो सङ्ख्यामा कैदीहरूको आदानप्रदानबाट प्राप्त उत्साहलाई कम गरेको छ । गत सप्ताह अन्तमा लगभग ९०० कैदीहरू रिहा भएका थिए ।

सोमबार साउदी अरबबाट यमनका १०० भन्दा बढी अन्य युद्धबन्दीलाई उद्धार गरिएको थियो ।

एसिसी प्रिमियर कप क्रिकेटमा मलेसियाको पहिलो जित

काठमाण्डु । एसिसी प्रिमियर कप एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएको खेलमा मलेसियाले साउदी अरेबियालाई पराजित गर्दै पहिलो जित दर्ता गराएको छ ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मलेसियाले साउदी अरेबियालाई आठ विकेटले पराजित गरेको हो । यसअघि भएको पहिलो खेलमा मलेसिया नेपालसँग ६ विकेटले पराजित भएको थियो । यसजितसँगै दुई खेल खेलेको मलेसियालले दुई अङ्क जोडेको छ ।

साउदी अरेबियाले भने हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । आजको खेलमा साउदी अरेबियाले प्रस्तुत गरेको १५४ रनको लक्ष्य मलेसियाले २१ दशमलव २ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो ।

मलेसियाका मोहम्मद अमिर र वीरनदीप सिंहले अर्धशतकीय पारी खेले । अमिरले ४४ बलमा १२ चौकाको मद्दतमा सर्वाधिक ५६ रनको योगदान दिए । त्यस्तै वीरनदीप सिंहले ५३ बलमा ८ चौकाको मद्दतमा ५१ बनाए । मलेसियाका अर्का खेलाडी सैयद अजिजले अविजित ३४ रन जोडे । साउदी अरेबियाको लागि जइन उल अबिदीनले दुई विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको साउदी अरेबियाले ४६ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १५३ रनको योफगल बनाएको थियो ।

साउदीका लागि हसिब घफोरले सर्वाधिक ४० रनको योगदान दिए भने अब्दुल वाहिदले ३६ रन बनाए । त्यसैगरी कप्तान हिसम शेखले २७ तथा अतिफ उर रहमानले अविजित १८ रन बनाए ।

बलिङर्फ मलेसियाका खिजर हायातले तीन विकेट लिए भने मोहम्मद वाफिक, रिजवान हैदर र अनवर रहमानले समान दुई/दुई विकेट लिए । त्यस्तै वीरनदीप सिंहले एक विकेट झारे । रासस

एसीसी प्रिमियर कप क्रिकेटमा बहराइनको विजयी सुरुवात

टुडे समाचारदाता

काठमाण्डु । एसीसी प्रिमियर कप क्रिकेटमा बहराइनले विजयी सुरुवात गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको समूह बीको खेलमा सिंगापुरलाई १३२ रनको फराकिलो अन्तरले हराउँदै बहराइनले प्रतियोगितामा विजयी सुरुवात गरेको छ ।

टस जितेर ब्याटिङ गरेको बहराइनले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २८६ रन बनाएको थियो ।

३२ रन हुँदा २ विकेट गुमाएको बहराइनका लागि सहबाज बाबर र सोहेल अहमदले तेस्रो विकेटका लागि १०५ रनको शतकीय साझेदारी गरे । सोहेलले ८० बलमा ६ चौकासहित ४६ रन बनाए । ओपनर सहबाज बाबरले ९८ बलमा ८ चौका र १ छक्का सहित ७६ रन बनाए ।

बहराइनका पाँचौं क्रमका ब्याटर फियाज अहमदले ५९ बलमा ९ चौका र १ छक्का सहित

७९ रन बनाए । ओपनर मोहम्मद योनिसले २३ रन बनाए ।

कप्तान हैदर बटले २५ बलमा ३ चौका र १ छक्का सहित २९ रन बनाए । सिंगापुरका लागि रमेश कालिमुथु, थिलिपन ओमाइदुराइ र विनोथ बसकरनले समान २-२ विकेट बनाए ।

बहराइनले दिएको २८७ रनको लक्ष्य पछ्याएको सिंगापुर ४३.१ ओभरमा १५४ रन बनाउँदै अलआउट भयो । सिंगापुरका लागि सुरेन्दरन चन्द्रमोहनले ६६ बलमा ४ चौका र १ छक्का सहित सर्वाधिक ५१ रनको अर्धशतकीय पारी खेले । विनोथ बसकरनले २३ तथा थिलिपन ओमाइदुराईले २० रन बनाए ।

बहराइनका लागि इम्रान अन्वरले सर्वाधिक ४ विकेट लिए । रिज्वान बटले ३ र अब्दुल मजैदले २ विकेट तथा अलिदाउदले १ विकेट लिए ।

पहिलो खेलमा जितसहित बहराइन समुह बीको दोस्रो स्थानमा उक्लिएको छ । सिंगापुर पहिलो खेलमा हङकङसँग ८ विकेटले पराजित भएको थियो ।

जापानी सांसदको कार्यालयमा आक्रमण गर्ने चेतावनी

सिन्ह्वा

कियो । टोजापानको संसदीय अधिकारीहरूले एक धार्मिक सङ्गठनका एक सदस्यले आफ्नो कार्यालय मास्ने धम्कीसहितको इमेल सन्देश प्राप्त भएको बताएका छन् ।

अधिकारीहरूका अनुसार ती इमेलहरू बुधबार राति संसद् को माथिल्लो र तल्लो सदन दुवैको वेबसाइटमा पठाई शुक्रबार दिउँसो सांसदको कार्यालयमा बम विष्फोट हुने चेतावनी दिइएको थियो ।

जापानको सरकारी प्रसारक एनएचकेका अनुसार ती इमेलमा संसद् भवनबाट सडकको विपरीत दिशामा रहेको सांसदको कार्यालय भवनभित्र ठूलो सङ्ख्यामा अत्यधिक विष्फोटक बम र सरीन नर्भ ग्यासयुक्त उपकरण राखिएको उल्लेख गरिएको छ । धार्मिक सङ्गठनका सदस्यले इमेलमा स्थानीय समयअनुसार शुक्रबार दिउँसो १:३४ बजेदेखि राजनीतिज्ञको सामूहिक हत्या गरिने पनि बताएका छन् ।

खतराका कारण उच्च सतर्कतामा रहेका सुरक्षाकर्मीले शङ्कास्पद वस्तु र प्याकेटको खोजी गरिरहेका छन्, तर अहिलेसम्म कुनै अप्रिय घटना फेला परेको छैन ।

रुसी बमवर्षक विमानहरूको जापानको ओखोत्स्कको समुद्रमा गस्ती जारी

सिन्ह्वा

मस्को । आठ रुसी टीयु-२२ एम,३लामो दुरीका बमवर्षक विमानहरूले ओखोत्स्क सागरको तटस्थ जलक्षेत्र र जापान सागरको उत्तरी भागमा लडाकू प्रशिक्षणका निम्ति उडान गरेका छन् । रुसी रक्षा मन्त्रालयले बुधबार जनाएअनुसार मिसनका क्रममा टीयु-२२एम,३ ले रूसी प्रशान्त बेडाका सेनाहरूलाई हवाई सहयोग प्रदान गरेको छ । मन्त्रालयद्वारा जारी विज्ञप्तिमा विमानले हवाई क्षेत्रको प्रयोगको लागि अन्तरराष्ट्रिय नियमहरूको कडाईका साथ पालन गरेको बताइएको छ ।

यो गस्ती प्यासिफिक फ्लीटको लडाइको तयारीका सन्दर्भमा अचानकरूपमा सञ्चालन गरिएको विश्लेषण गरिएको छ । यो कार्यक्रम "समुद्रबाट सम्भावित शत्रुको आक्रामकतालाई हटाउने क्षमता निर्माण गर्ने" उद्देश्यले अप्रिल१४ मा शुरू गरिएको थियो।

राहुल गान्धीको पुनरावेदन खारेज

पिटिआई

नयाँदिल्ली । मानहानी मुद्दामा दोषी ठहरिनु भएका भारतको विपक्षी दलका नेता राहुल गान्धीको पुनरावेदन खारेज भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीका कट्टर आलोचक गान्धीलाई गत महिना गुजरातको सुरत अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै पुनरावेदनको अवसर दिएको थियो ।

अदालतको आदेशसँगै नेता गान्धीले सांसद् पद गुमाउनुभएको थियो । सन् २०१९ को चुनावी सभामा नेता गान्धीले मोदी थर भएकाहरू 'बदमास' हुन्छन् भनेको विरोधमा भारतीय जनता पार्टीका नेता पूर्णेश मोदीले गन्धीविरुद्ध मानहानी मुद्दा दायर गरेका थिए । यद्यपि उहाँको प्रधानमन्त्री मोदीसँग कुनै सम्बन्ध छैन ।

अब नेता गान्धीले उच्च अदालतमा पुनरावेदन गर्नुहुने उहाँको दलका नेताहरूले बताएका छन् । दलका नेता तथा कानुन व्यवसायीसँग छलफल भइरहेको छ ।

अमेरिकाद्वारा युक्रेनलाई ३२ करोड ५० लाख अमेरिकी डलरको सैन्य सहायता घोषणा

एएनआई

वाशिङ्टन । संयुक्त राज्य अमेरिकाले बुधवार युक्रेनका लागि नयाँ सैन्य सहायता घोषणा गरेको छ । उक्त सहायता प्याकेज ३२५ मिलियन अमेरिकी डलर बराबरको छ ।

प्याकेजमा हाई मोबिलिटी आर्टिलरी रकेट प्रणालीका लागि थप तोप राउन्ड र रकेटहरू लगायतका युद्ध सामग्री रहेका छन् । ह्वाइस अफ अमेरिकाले उल्लेख जनाएअनुसार युक्रेनले उच्च दरमा तोपखाना हतियारहरू चलाउन पर्ने भएकाले यो सहायता घोषणा गरिएको हो ।

सो प्याकेजको घोषणा हुनुअघि रक्षा अधिकारीहरूले उक्त नवीनतम सहायतामा एन्टी-ट्याङ्क निर्देशित मिसाइलहरू, एन्टी-ट्याङ्क माइनहरू र एटी-४ एन्टी-आर्मर हतियारहरू पनि समावेश रहेको बताएका छन् । उक्त युद्ध सामग्रीहरू युक्रेनद्वारा कब्जा गरिएका क्षेत्रहरूमा रहेका रूसी स्थल सेनाहरूलाई पछाडि धकेल्न आवश्यक हुने बताइएको छ।

युक्रेनको स्थलसेना प्रमुखका अनुसार रुसले युद्धमा उल्लेखनीय क्षति बेहोरेर पनि पूर्वी युक्रेनी शहर बाख्मुतमा भने भारी तोपखाना र हवाई आक्रमण बढाइरहेको पनि अमेरिकी अधिकारीहरूको बुझाइ छ।

यसैबीच युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बुधबार अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंकका प्रमुखहरूलाई विश्वभर रहेको रूसी केन्द्रीय बैंकको सम्पत्ति जफत गर्न र युक्रेनको पुनर्निर्माणमा मद्दत गर्न आह्वान गर्नु भएको छ ।

बुधवार (स्थानीय समय) मा विश्व बैङ्क र आईएमएफ द्वारा आयोजित भर्चुअल गोलटेबलमा, जेलेन्स्कीले सो आह्वान गर्नु भएको हो ।

साथै विश्व बैङ्कले युक्रेनको ऊर्जा पूर्वाधार मर्मत गर्ने परियोजनाको लागि आज २०० मिलियन अमेरिकी डलर अनुदान घोषणा गरेको छ।

क्युवाका राष्ट्रपति मिगुएल डियाज क्यानेल पुनःनिर्वाचित

एएनआई

हवाना । क्युवाको राष्ट्रिय काङ्ग्रेसले बुधबार क्युवाका राष्ट्रपति मिगुएल डियाज-क्यानेललि पुनःनिर्वाचित गरेको छ ।

डियाज-क्यानेललाई पुनःनिर्वाचित गर्ने ४७० सदस्यीय सभाको यस्तो निर्णय अपेक्षित नै रहेको थियो । सन् २०१८ मा राष्ट्रपति बन्नुभएको थियो भने सन् २०२१ मा क्युवाली कम्युनिष्ट पार्टीको प्रथम सचिव बन्नुभएको थियो । । यी दुवै महत्त्वपूर्ण पदमा फुनुभएका उहाँ सन् १९५९ को क्रान्ति पछिको पहिलो गैर-क्यास्ट्रो नेता हुनुहुन्छ ।

राउल क्यास्ट्रोले आधिकारि करूपमा पदबाट राजीनामा दिए पनि सेनाको जनरलको पद र राष्ट्रियसभा सदस्यका रूपमा भने रहिरहनुभएको छ । ६२ वर्षीय विद्युतीय इन्जिनियर डियाज-क्यानेलले पदभार ग्रहण गरेदेखि नै क्युबा आर्थिक सङ्कटमा छ ।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले ओबामा प्रशासनको क्युबासँग संलग्नताको नीतिपछि केही कडा आर्थिक प्रतिबन्धमा माथि विमर्ष गर्नुभएको सीएनएनले जनाएको छ ।

लखनऊसँग हारका बाबजुद राजस्थानको शीर्षस्थान कायमै

एजेन्सी

काठमाण्डु । इन्डियन प्रिमियर लिग (आइपिएल)को अंकतालिकामा राजस्थान रोयल्सको शीर्षस्थान कायम छ।

बुधवारराती लखनउसँगको

हारका बाबजुद राजस्थानले शीर्षस्थान कायम राखेको हो। विजयी लखनऊ ८ अंकसहित अंक तालिकाको दोस्रो स्थानमा छ। समानअंक भएपनि रनरेटका आधारमा राजस्थान शीर्ष स्थानमा छ। बुधबार रातीको खेलमा राजस्थान लखनऊसँग १० रनले पराजित भएको थियो। १५५ रनको लक्ष्य पछ्याएको राजस्थानले २० ओभर खेल्दै ६ विकेटको क्षतिमा १४४ रनमात्रै बनाउन सक्यो।

राजस्थानका लागि ओपनर यशवी जैसवालले सर्वाधिक ४४ रन बनाए। उनले ३५ बलमा ४ चौका र २ छक्का हाने। ४० रनको योगदान गरेको अर्का ओपनर जोस बट्लरले ४१ बलमा ४ चौका र १ छक्का प्रहार गरे। त्यस्तै देवदत्त पाडिकलले २१ बलमा ४ चौका प्रहार गर्दै २६ रनको योगदान गरे। रियान परागले नटआउट १५ रन बनाए।

बलिङमा लखनऊका अवेश खानले सर्वाधिक तीन विकेट लिँदा मार्कस स्टोइनिसले दुई विकेट लिए। टस हारेर पहिले ब्याटिङ गरेको लखनऊले २० ओभरमा ७ विकेट गुमाउँदै १५४ रन बनायो।

लखनऊका केली मेयर्सले अर्धशतक बनाए। उनले ४२ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै ५१ रन बनाए।

कप्तान केएल राहुलले ३२ बलमा ४ चौका र १ छक्का प्रहार गर्दै ३९ रन बनाए। मार्कस स्टोइनिस र निकोलस पुरनको २१ र २९ रनको योगदान रह्यो।

बलिङतर्फ राजस्थानका रविचन्द्रन् अश्विनले दुई विकेट लिए। ट्रेन्ट बल्ट, सन्दीप शर्मा र जेसन होल्डरले एकएक विकेट लिए।

हरियो नम्बर प्लेट पर्यटकमैत्री बनाइने

काठमाण्डु । सरकाले पर्यटक सवारीसाधन (हरियो नम्बर प्लेट) पर्यटकमैत्री बनाउने भएको छ । सर्वसाधरणबाट आएको गुनासोलाई सम्बोधन गर्ने उद्देश्यले हरियो नम्बर प्लेट पर्यटकमैत्री बनाउन लागिएको हो ।

उक्त प्रयोजनका निम्ति पर्यटक सवारीसाधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मस्यौदा समिति गठन गरिएको छ । पर्यटन मन्त्रालयको पर्यटन महाशाखा प्रमुखको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको हो । समितिको सदस्यमा यातायात व्यवस्था विभागका निर्देशक, यातायात व्यवस्था कार्यालय एकान्तकुनाका कार्यालय प्रमुख, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक, नेपाल पर्यटन बोर्डका निर्देशक र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका निर्देशक रहनुभएको छ ।

त्यसैगरी समितिको अन्य सदस्यमा नेपाल पर्यटक यातायात व्यवसायी सङ्घका अध्यक्ष, टुरिष्ट बस एशोसिएसन अफ नेपालका अध्यक्ष, पर्यटन विभागका निर्देशक, विमानस्थल हवाई यात्रु यातायात सेवा व्यवस्था लिमिटेडका अध्यक्ष र पर्यटन मन्त्रालयका उपसचिव सदस्यसचिव रहनुभएको छ । रासस

वायुसेवा निगमबाट करिव तीन अर्ब साँवा र ब्याज भुक्तानी

काठमाण्डु । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले एक वर्षको अवधिमा जहाज खरिदका लागि लिएको ऋणको साँवा र ब्याज करिब रु तीन अर्ब भुक्तानी गरेको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमले अन्तर र्राष्ट्रिय उडानका लागि खरिद गरेका दुई न्यारोबडी र दुई वाइडबडी जहाजका लागि लिएको ऋण दायित्वको रु दुई अर्ब ९४ करोड २८ लाख ६५ हजार आठ सय ४४ भुक्तानी गरेको हो । निगमको व्यापार विस्तार तथा नगद प्रवाहमा क्रमिक सुधार भएसँगै जहाज खरिदबापत लिएको ऋणको विसं २०७९ असार महिनादेखि चैत ३० गतेसम्मको उक्त रकम कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई भुक्तानी गरिएको निगमले उल्लेख गरेको छ ।

निगमले २०७९ चैत्र महिनाको किस्ताबापत दुवै कोषलाई जम्मा रु ५३ करोड नौ लाख ५५ हजार दुई सय ८१ रकम भुक्तानी गरेको हो । सोही वर्षको असारमा रु एक अर्ब ३५ करोड, असोजमा रु ७३ करोड नौ लाख ५५ हजार दुई सय एकासी, पुसमा रु ३३ करोड नौ लाख ५५ हजार दुई सय ८१ र चैतमा ५३ करोड नौ लाख ५५ हजार दुई सय ८१ गरी जम्मा रु दुई अर्ब ९४ करोड २८ लाख ६५ हजार आठ सय ४४ रकम भुक्तानी गरिएको निगमले जनाएको छ ।

विश्वव्यापी कारोना महामारीका कारण निगमको व्यापार खुम्चियो । परि स्थिति सहज बनेपछि निगमको आम्दानीमा पनि सुधार आएकाले दुबै कोषलाई नियमितरुपमा किस्ता तिर्न सकिएको प्रवक्ता पौडेलले बताउनुभयो । रासस

राजस्वका अधिकारीलाई अर्थमन्त्रीको प्रश्न- राजस्व किन कम उठ्यो ?

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले राजस्व सङ्कलन गर्ने जिम्मेवारी लिएका कर्मचारीले तदारुकता, इमान्दारिता र अनुशासन देखाउन आग्रह गर्नुभएको छ । आन्तरिक राजश्व विभागका प्रमुखको समीक्षा बैठकलाई बिहीबार सम्बोधन गर्दै अर्थमन्त्रीले राजश्व सङ्कलनमा कुनै पनि लापरबाही गर्न नहुने बताउनुभएको हो ।

बैठकमा उहाँले भन्नुभयो, “नेपाल सरकारको विभिन्न मन्त्रालय खर्चका लागि जिम्मेवार हुन् । सम्बन्धित मन्त्रालयमा विनियोजन भएको रकम प्रभावकारी ढङ्गले खर्च होस् भन्ने अर्थ मन्त्रालयको अपेक्षा रहन्छ । राजस्व सङ्कलनमा अर्थ मन्त्रालयको अहम् भूमिका रहेकोले सबै राजस्व सङ्कलनको जिम्मा अर्थ मन्त्रालयको हो ।”

“विभिन्न परिस्थितिजन्य अवस्थाले यस पटक राजस्व निक्कै कम सङ्कलन हुन गएको हो । गतवर्ष सङ्कलन भएको राजस्वसँग अहिले सङ्कलन भएको राजस्व दाँज्दा पनि हाम्रो प्रगति निकै कम देखियो” मन्त्री डा महतले भन्नुभयो ।

उहाँको यसको सम्पूर्ण दोष राजस्वका कर्मचारीको हो भनेर आफूले नभनेको र राष्ट्रिय अर्थतन्त्रमा आएको सङ्कुचन, केही वस्तुको आयातमा लगाएको प्रतिबन्ध, पुँजीगत खर्चमा आएको ह्रास, चोरी पैठारीका कारणले राजश्वमा कमी आएको स्पष्ट पार्नुभयो ।

बैठकमा डा महतले भन्नुभयो, “तमाम पावन्दी र समस्याका बाबजुद हाम्रो प्रयासमा अवश्य पनि कमी कतै छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । हामी सबैले इमान्दारिताका साथ आ-आफ्नो जिम्मेवारी पूरा गर्ने बाहेक मसँग अर्को कुनै एजेन्डा छैन । तपाईंहरुको कार्य प्रगतिबाट नै तपाईंहरुको मूल्याङ्कन हुन्छ भन्ने कुरामा तपाईंहरु निश्चिन्त हुनुहोस् ।”

काठमाडौं लगायत राज्यका विभिन्न स्थानमा राजस्व सङ्कलन गर्न स्थापित आन्तरिक राजस्व कार्यालयले राम्रोसँग आफ्नो जिम्मेवारी पूरा गर्न कुनै कसर बाँकी राख्नु नहुने उहाँको भनाइ छ । बजारको प्रभावकारी अनुगमन, कारोबारको यथार्थ बिल लिनेदिने कार्यको विकास, कर्मचारीमा नैतिकता र इमान्दारिता तथा महालेखा परिक्षकको कार्यालयले प्रतिवेदनमा देखाएका कुरालाई गम्भीरतापूर्वक लिन जरुरी रहेको अर्थमन्त्रीको भनाइ छ ।

“झन्डै ४४ प्रतिशत राजस्व ठूला करदाताबाट आउँछ । गत वर्षको तुलनामा अहिले ठूला करदाताबाट पनि राजस्व कम सङ्कलन भएको छ । यहाँ पनि समस्या देखियो । यसमा कहाँ त्रुटी भयो, त्यसको समीक्षा हुन जरुरी छ । तथ्याङ्कलाई तुलना गरेर व्याख्यात्मक विश्लेषण हुन जरुरी छ” उहाँले भन्नुभयो, “समस्या पहिचान हुनुपर्यो, समस्या आउने कारण यी हुन् भनेर विश्लेषणपछि आउने कार्यदिशा तय गर्न जरुरी छ ।”

“पछिल्लो समयमा ठूला व्यावसायिक घराना त्यत्ति धेरै प्रभावित भएका छैनन्, अहिले साना व्यवसायी धेरै प्रभावित भएका छन् । त्यत्ति हुँदा पनि काठमाडौं उपत्यकामा किन राजस्व सङ्कलनले लक्ष्यभन्दा कम उठ्छ ?” उहाँले प्रश्न गर्दै भन्नुभयो “भ्याटमा नक्कली बिलको समस्या आइरहेको छ भनिएको छ, यदि हो भने यो अपराध नै हो” यसलाई गम्भीररुपमा लिन म आग्रह गर्दछु । रासस

नेपाल-भारत पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको बैठक

काठमाण्डु । सरकारले नेपाल-भारत पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको चौथो बैठक आयोजना गर्ने निर्णय गरेको छ । यही वैशाख ५ गते बसेको मन्त्रिपरिषद् बैठकले वैशाख १२ गते काठमाडौंमा दुई देशका सहसचिवस्तरीय बैठक आयोजना गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

बैठकले भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृति, राष्ट्रिय सतर्कता केन्द्र सञ्चालनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति, दक्षिण कोरिया र चीनमा आयोजना हुने कार्यक्रममा सहभागी हुन महान्यायाधिवक्ता कार्यालयका तीन जना नायब महान्यायाधिवक्तालाई स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले अजरबैजानको बाकुमा आयोजना हुने एसडिजिएसको संयुक्त कार्यसमूहको स्थलगत वार्षिक बैठकमा सहभागी हुन उपमहालेखापरीक्षक राममाया कुँवरलाई स्वीकृति प्रदान गरेको छ ।

बैठकले लेखापरीक्षणमान बोर्डको सदस्यमा चार्टर्ड एकाउन्टेन्ट भोजराज पाण्डेलाई मनोनय गर्ने, सार्वजनिक संस्थान सुझाव समिति अवधारणापत्र, २०८० स्वीकृत गरी शङ्करप्रसाद अधिकारीको संयोजकत्वमा तीन सदस्यीय सार्वजनिक संस्थान सुझाव समिति गठन गरेको छ ।

सरकारले जिल्ला समन्वय समिति प्यूठानका नाममा दर्ता रहेको साविक विजयनगर गाविस वडा नं २ स्थित दुई आना दुई पैसा र पाँच रोपनी छ आना तीन पैसा एक दाम जग्गा स्वास्थ्य कार्यालय प्यूठानको प्रशासनिक भवन निर्माणार्थ उपयोग गर्न स्वीकृति दिएको छ ।

यस्तै बैठकले स्याङ्जाको साविक पुतलीबजार गाविस वडा नं ९ स्थित चार रोपनी एक आना एक पैसा तीन दाम र ११ रोपनी एक आना दुई पैसा दुई दाम सार्वजनिक जग्गा ३० वर्षका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाको भवन निर्माणार्थ प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिनुभयो ।

बैठकले काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाका लागि जग्गा प्राप्त गर्न स्वीकृति तथा सो आयोजनाको निर्माण अवधि २०८३ चैत मसान्तसम्म थप गर्ने निर्णय गरेको छ । नेपाली सेनाका एक महासेनानीलाई सहायकरथीमा, एक प्रमुख सेनानीलाई महासेनानीमा, एक सेनानीलाई प्रमुख सेनानीमा मानार्थ बढुवा र दुई महासेनानीको सरुवा गरेको छ ।

सरकारले सुनिगाड जलविद्युत् आयोजनाका लागि बझाङको जयपृथ्वी नगरपालिका-११, सुर्मा गाउँपालिका-१ र तेलकोट गाउँपालिका-१ र २ मा रहेको राष्ट्रिय वन क्षेत्रको चार दशमलव ८४ हेक्टर जग्गा २५ वर्ष तथा माथिल्लो रिचेत खोला जलविद्युत् आयोजनाका लागि गोरखाको आरुघाट गाउँपालिका-१ र धार्चे गाउँपालिका-६ मा रहेको राष्ट्रिय वनभित्रको दुई दशमलव ७५ हेक्टर जग्गा ३० वर्षसम्म प्रयोग गर्न स्वीकृति दिएको छ । रासस

नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि दोहोरो अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ७३ अङ्कले ओरालो लागेर एक हजार नौ सय चार दशमलव ४० मा सीमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ७९ अङ्कले ओरालो लागेर तीन सय ६३ दशमलव १२ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूह शेयर मूल्यमा गिरावट आएको छ ।

बुधबार वृद्धि बिहीबार कायम हुन नसक्दा कारोबार रकममा पनि कुनै वृद्धि भएन । कूल ३२ लाख नौ हजार दुई सय १४ कित्ता शेयर रु ९८ करोड ३३ लाख ६७ हजार तीन सय ११ मूल्यमा खरिद बिक्री भएका छन् ।

नेप्सेका अनुसार कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु पाँच करोड ७५ लाख ४३ हजार चार सय २५ बराबरको कारोबार भएको छ । कुमारी बैंकको संस्थापक शेयर रु तीन करोड ५३ लाख ८६ हजार चार सय ८०, एशियन लाइफ इन्स्योरेन्स रु तीन करोड ३३ लाख ७७ हजार पाँच सय १५,सट्चार्ण्डड चार्टर्ड बैंक रु तीन करोड ३३ लाख ३८ हजार आठ सय २५ र एभरेष्ट बैंकको रु दुई करोड ९१ लाख ७६ हजार एक सय ९८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार, कालिञ्चोक दर्शनको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । मोलुङ हाइड्रोपावर नौ दशमलव ९६, सनराइज ब्ल्यूचिप फण्ड सात दशमलव शून्य छ, सनराइज फस्ट म्युचुअल फण्ड तीन दशमलव ९२ र एभरेष्ट बैंकको शेयर मूल्य तीन दशमलव ६० प्रतिशतले बढेको छ ।

यस्तै, आर्दश लघुवित्तको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । एनएमबी सुलभ इन्भेस्टमेन्ट फण्ड दोम्रोको पनि नकारात्मक सर्किट लागेको छ । सिटिजन म्युचुअल फण्ड दोम्रो नौ दशमलव शून्य तीन, समालिङ पावर कम्पनी आठ दशमलब २७ र निर्धन उत्थान लघुवित्तको शेयर मूल्य चार दशमलव १० प्रतिशतले घटेको छ । रासस

Madhesh Pradesh Government

Ministry of Industry, Tourism &Forest

Tourism Development Office
Dhanusha, Janakpurdham

Invitation for Bids

Date of Second Publication: 21-4-2023

1. The Tourism Development Office, Dhanusha invites sealed quotations from registered contractors.
2. Eligible Bidders may obtain further information at the office of Tourism Development Office, Dhanusha at Janakpurdham, or by reaching out to them at Telephone 9851032003 or by dropping a mail at tdodhanusha@gmail.com or inspect the Sealed quotation Forms may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder should submit their bid electronically shall deposit the cost of bidding document of a non-refundable fee of 1000 NRs. in the account specified below:
   Name of the Bank: RastriyaBanijya Bank Ltd.
   Name of the Office: Tourism Development Office, Dhanusha
   Office Code no: 3070017052
   Office Account no: 1000100200010000
   Rajaswa (revenue) Shirshak no: 14229
4. Sealed bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 07-05-2023 12:00 hours. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 07-05-2023 13:00 hours at the office of Tourism Development Office, Dhanusha, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of amount mention below corresponding to the respective tender which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
   Account Name: Province Financial Conroller Office, Janakpurdham
   Name: RastriyaBanijya Bank
   Bank Address: Janakpurdham
   Account Number: 1220100202030000
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

S. N	Sealed Quotation Number	Description And Location OF Work	Estimated Cost (Excluding VAT & Contingencies)	Bid security amount
1.	TDO/SQ/WORKS/ 206/079-80	Bihar Kund Pokhari Nirman, Janakpurdham Up. Ma.Na-08, Dhanusha	1273898.03	35500
2.	TDO/SQ/WORKS/ 237/079-80	Pokhari Saundariyakaran, Mithila Na.pa-05, Shreepur, Highway Najik, Dhanusha	1274181.87	35500
3.	TDO/SQ/WORKS/ 238/079-80	Sarweshwar Mandir Saundaryakaran, Mithila Na.pa-07, Dhanusha	1274306.53	35500
4.	TDO/SQ/WORKS/ 239/079-80	Pokhari Saundariyakaran, Mithila Na.pa-01, Dhalkebar, Dhanusha	1274268.04	35500
5.	TDO/SQ/WORKS/ 240/079-80	KishoriJi ko Dola Ko Mandir Saundaryakaran, Janakpur Sub metropolitan-08, Dhanusha	1273839.01	35500
6.	TDO/SQ/WORKS/ 242/079-80	Shikharpure Pokhari Saundaryakaran, Mithila Na.pa-09, Dhanusha	1273437.67	35500
7.	TDO/SQ/WORKS/ 243/079-80	Hanuman Mandir Nirman (North Side) Mithila Na.pa-02, Naktajhijh, Dhanusha	1274322.48	35500
8.	TDO/SQ/WORKS/ 245/079-80	Yeti Hasik Chitayeen Mandir Purbadhar Nirman Karye, Haripur Na.pa-7, Sarlahi	1273895.24	35500
9.	TDO/SQ/WORKS/ 246/079-80	Bajrangbali ko Mandir Nirman, Bangha Na.pa-04, Mahottari	1273861.47	35500
10.	TDO/SQ/WORKS/ 248/079-80	Ramjanaki Mandir tathaDharmashalaNirman, Balara, Jabdhi, Sarlahi	1698395.49	42000
11.	TDO/SQ/WORKS/ 249/079-80	Park Saundariyakaran, Mithila Na.pa-05, Aurahi Baba, Dhanusha	1273660.78	35500
12.	TDO/SQ/WORKS/ 250/079-80	Mandir Nirman, Sonma Ga.pa-08, Mahottari	1273861.47	35500
13.	TDO/SQ/WORKS/ 252/079-80	Park Saundariyakaran, Mithila Na.pa-07, Bathan Gaira Sa.Wa. Dhanusha	1272918.49	35500
14.	TDO/SQ/WORKS/ 254/079-80	Locha Pokhari Saundariyakaran, Janakpur Up.Ma. Na.Pa-20, Dhanusha	1273512.61	35500
15.	TDO/SQ/WORKS/ 255/079-80	IdgahNirman, Kshireshwarnath Na.pa-1, Dhanusha	1273802.2	35500
16.	TDO/SQ/WORKS/ 258/079-80	Kamala BairajeStithHarit Park Nirman, Ga.Cha. Na.Pa-06, Dhanusha	1272817	35500
17.	TDO/SQ/WORKS/ 259/079-80	Masjid Nirman, Nagarain Na.pa-06, Dhanusha	1273789.74	35500
18.	TDO/SQ/WORKS/ 260/079-80	Andha Andhi Sthanko Adhuro Dharmasala Nirman, Loharpatti Na.Pa-01, Mahottari	1269593.11	35500
19.	TDO/SQ/WORKS/ 261/079-80	Satsang Bhawan Nirman, Mithila Bihari Na. pa-10, Thera, Dhanusha	1274231.96	35500
20.	TDO/SQ/WORKS/ 262/079-80	Viwah Mandap Nirman, Janakpurdham Up.Ma. Na.Pa-20, Dhanusha	1273909.98	35500
21.	TDO/SQ/WORKS/ 266/079-80	Lohara Khola Pokhari Saundariya karan, Ganeshman Charnath Na.Pa-2, Dhanusha	1274273.93	35500
22.	TDO/SQ/WORKS/ 268/079-80	Donkhoriyama Gumbako Parkhal Tatha Saundaryakaran, Ishwarpur Na.Pa-12, Sarlahi	1273476.87	35500
23.	TDO/SQ/WORKS/ 271/079-80	Balba Na.Pa.6, Ma Adhuro Masjid Nirman, Mahottari,	1274302.9	35500
24.	TDO/SQ/WORKS/ 272/079-80	Adhuro Ramjanki Mandir Nirman, Matihani Na.pa-01, Sirsiya, Mahottari	1272335.69	35500

Date of First Publication: 21 April 2023

S. N	Sealed Quotation Number	Description And Location OF Work	Estimated Cost (Excluding VAT & Contingencies)	Bid security amount
1.	TDO/SQ/WORKS/ 319/079-80	Chautara Nirman Tatha Saundariyakaran, Bateshwar Ga.Pa-3, Kattani, Dhanusha.	1273637.90	35500

(Office Chief)

पालिका घेराउ गर्दा झडप

टुडे समाचारदाता

लहान । सिरहाको मिर्चैया नगरपालिका घेराउ गर्न पुगेका स्थानीयवासी र प्रहरीबीच झडप भएको छ ।

बिहीबार पुनरबहालीलगायतको माग गर्दै स्थानीयले पालिका घेराउ गर्न पुग्दा झडप भएको थियो ।

अवस्था नियन्त्रणमा लिन प्रहरीले २७ राउण्ड हवाई फायर र ११ राउण्ड आश्रु ग्यास प्रहार गरेका थिए । प्रदर्शनकारीहरुले आफूहरूको माग नगर प्रमुख श्रवणकुमार यादवले पूरा नगरेको भन्दै प्रदर्शन गरिरहेका थिए । प्रदर्शनको समय प्रमुख यादव बाहिर नआएपछि प्रदर्शनकारीहरुले नगरपालिकाभित्र प्रवेश गर्न खोजेका थिए । प्रहरीले रोकेपछि स्थानीयलेनगरपालिकाकार्यालयमा ढुंगामुढा गर्न थालेपछि झडप भएको थियो ।

तनावग्रस्त भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन २७ राउन्ड हवाईफायर, ११ सेल अश्रु ग्यास प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए ।

उनका अनुसार झडपका क्रममा पाँच प्रहरी घाइते भएका छन् । प्रदर्शनकारीको ढुंगा प्रहारबाट मेयर श्रवण यादव चढ्ने गाडीको सीसा फुटेको छ ।

गत माघमा स्थानीय सरकारले बजार र वस्ती भत्काएका थिए । सोही ठाउँमा बस्न र व्यापार गर्न तत्काल व्यवस्था गरिनुपर्ने, घर भत्काउदा भएको क्षतिको मूल्यांकन गरी दिइनुपर्ने, जग्गाको लालपुर्जा दिइनुपर्ने, छानबिन गरी न्याय दिइनुपर्नेलगायत माग गर्दै स्थानीयले चैतदेखि संघर्ष समिति गठन गरी आन्दोलन गर्दै आएका छन् ।

मिर्चैया नगरपालिकाले साविक गा.वि.स रामनगर-२ (क) कित्ता नम्बर २५६ र २ (क) कित्ता नम्बर ६० को जग्गामा बनेका संरचना नेपाल सरकारको जग्गामा रहेको भन्दै करीब तीन दर्जन घर माघ २७, फागुन ११ र १९ गते तोडफोड गरी भत्काएको थिया । सडक विस्तारमात्र होइन, नगरपालिकाले सडकमै नपरेको बजार क्षेत्रको १७ घरधुरी बहाल बिटौरी, ऐलानी जग्गा भएको भन्दै भत्काईदिएको उनीहरूको दाबी छ । मिर्चैया बजारमा भत्काइएको ती घरमा व्यापारिक पसल सञ्चालित थिए । संघर्ष समितिले शुक्रबार पनि मिर्चैया बजार बन्द गरी पूर्व-पश्चिम राजमार्ग एक घण्टा बन्द गर्ने चेतावनी दिएको छ ।

अहिलेको सता गठबन्धन धेरै दिन नटिक्ने: अध्यक्ष ओली

टुडे समाचारदाता

बारा । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सता गठबन्धन धेरै दिन नटिक्ने दाबी गरेका छन् ।

बाराको पचरौतामा नेकपा एमाले जिल्ला कार्यसमितिले आयोजना गरेको बृहत् आमसभामा पूर्व प्रधानमन्त्रीसमेत रहेका ओलीले विकासको काम भन्दा बढी गठबन्धनलाई नै जोड दिने गरेका ती नेताहरुले मुलुकमा विकास र समृद्धि ल्याउनु भन्ने कुरा हास्यास्पद रहेको टिप्पणी गरेका छन् । यदि यो गठबन्धनले निरन्तरता पायो भने मुलुक दुर्घटित हुने उनले बताए ।

पछिल्लो समयमा एमाले पार्टीको सरकारले गरेका राम्रा कामहरुलाई छायामा पर्ने कामहरु सता गठबन्धनले गरिरहेको हुँदा सोको मूल्यांकन जनताले गर्ने विश्वास उनले व्यक्त गरे ।

विधवा भत्ता, वृद्ध भत्तामा बढोत्तरी गर्ने जस्तो लोकप्रिय कामहरु एमालेको सरकारले गरेको भए पनि ती कामलाई वर्तमान सरकारले कम गर्ने गृहकार्य गरिरहेको हुँदा त्यस्ता कामप्रति एमालेको पूर्णतः विमति रहेको उनले बताए । मुलुकको विकास, समृद्धि अब एमाले पार्टीको काँधमा जिम्मेवारी आएको हुँदा बारा उपनिर्वाचन क्षेत्र नम्बर २ मा एमालेका उम्मेदवार पुरुसोतम पौडेललाई जिताएर यहाँको विकासलाई अगाडि बढाउने काममा यहाँका मतदाताहरु लाग्ने छ भनेमा आफू विश्वस्त रहेको अध्यक्ष ओलीले बताए ।

कार्यक्रममा पार्टीका उपाध्यक्ष इश्वर पोखरेल, सचिव रघुवीर महासेठ, मधेश प्रदेश इन्चार्ज ज्वाला कुमारी साह, पचरौता नगरपालिकाका मेयर जलन्दर सिंह, मधेश प्रदेशका प्रदेश सांसद राजकुमार लेखी, नेता जयचन्द्र पटेललगायतले आ-आफ्नो विचार ब्यक्त गरेका थिए ।

न्यायका लागि गुहार गर्दै चाँदनी

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको धनौजी गाउँपालिका-५ बहुअर्वाका चाँदनी मण्डलले श्रीमान सरोज मण्डलको हत्यारालाई पक्राउ गरी कडा कारबाही हुनुपर्ने माग गरेकी छन् ।

विगत दुई वर्ष पूर्व छुरा प्रहार भइ उपचारको क्रममा मृत्यु भएका ३६ वर्षीय सरोज कुमार मण्डलकी श्रीमतीले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी सो माग गरेकी छन् । बिहीबार मृतक सरोजको दोस्रो वार्षिक श्राद्धसमेत रहेको थियो ।

चाँदनीले फरार रहेको आफ्नो श्रीमानको हत्याका आरोपि मनिष कुमार मण्डललाई पक्राउ गरी कडा कारबाही गरी राज्यले न्यायको अनुभूति गराउनुपर्ने माग गरिन । उनले भनिन'हत्या आरोपि खुलेआम घुमिरहेको छ मेरो त दुनिया नै उजाड भयो मलाई न्याय चाहियो ।'

२०७८ साल भदौ २६ गते धनौजी गाउँपालिका-५ बहुअर्वामा गणेशपूजाको मेला आयोजना गरिएको थियो । मेला हेर्न पुगेको भीडमा स्थानीय रामनन्दन मण्डलका छोरा सरोज मण्डल पनि थिए ।

मेलामा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । राति करीब २ बजे अचानक दुई समूहबीच विवाद भएको थियो । सरोजले त्यो झगडा मिलाउने प्रयास गरेका थिए । तर, अचानक सरोजको पेटमा धारिलो हतियारले प्रहार गरियो । मेलामा नाच हेरिरहेका बेला सोही गाउँका अमितकुमार मण्डल, मनिषकुमार मण्डल, राजीवकुमार मण्डलबीच आपसी विवाद भएको थियो । सोही विवादमा मनिष र राजीवले अमितको टाउकोमा हतियार प्रहार गरेका थिए ।

अमितलाई जोगाउने उद्देश्यले बजरंग राउत र सरोजकुमार मण्डल त्यहाँ पुगेको सरोजका बाबु रामनन्दन मण्डलले बताए ।

'त्यहाँ पुग्ने वित्तिकै उनीहरूमाथि पनि छुरा प्रहार गरियो । बजरंगको तिघ्रामा र सरोजको पेटमा छुरा प्रहार गरी घाइते बनाइयो । सरोजको सोही बेलादेखि काठमाण्डुस्थित ट्रमा सेन्टर र पछि ग्राण्डी अस्पतालमा उपचार भएको थियो ।',उनले प्रष्ट गरे ।

उनी उपचारमै रहेको बखत १८ वर्षीय मनिषकुमार मण्डल र वडा नम्बर-४ का २३ वर्षीय छोरा राजीवकुमार मण्डलमाथि 'ज्यान मार्ने उद्योग'मा जिल्ला अदालत धनुषामा मुद्दा दर्ता गरियो ।

जिल्ला न्यायाधीश परशुराम भट्टराईको एकल इजलासले हत्या अभियोग (ज्यान मार्ने उद्योग) मुद्दालाई सामान्य कुटपिटमा परिणत गरी प्रतिवादीलाई मुक्त गर्ने फैसला सुनाएका थिए ।

फैसलामा प्रतिवादी

राजीवकुमार मण्डलले गम्भीर घाइते सरोज मण्डलको उपचार खर्च बापत ४ लाख ९२ हजार २ सय ५९ रुपैयाँ, घाइते अनिल मण्डललाई ६९ हजार ३ सय र बजरंग प्रसाद राउतलाई ३ हजार १ सय ३० रुपैयाँको बिल भरपाई अनुसार उपचार खर्च उपलब्ध गराउने निर्णय गरिएको थियो ।

अदालतको आदेशबाट रिहा भएका व्यक्ति केही दिन नबिदै विदेश गएको पीडित परिवारजनले बताए । यता, घाइते सरोजको उपचार कै क्रममा मृत्यु भयो ।

रामानन्दन मण्डलले आफ्नो छोराको उपचारमा ५/६ महिनाको अवधि २५/३० लाख रूपैया पनि खर्च भएको बताए । ज्यान मार्ने उद्योग मुद्दालाई कुटपिटमा परिणत गरी पक्राउ प्रतिवादीहरू मनिष कुमार मण्डल र राजीव कुमार मण्डल राजीवकुमार मण्डल र राजीव कुमार मण्डललाई पक्राउ गर्न जिल्ला अदालतबाट वैशाख ५ गते पक्राउ अनुमति पाएका थिए ।

प्रतिवादीहरू मध्येका राजीव कुमार मण्डल २०७८ फागुन १३ गते वैदेशिक रोजगारीको सिलसिलामा कतार गइसकेका थिए ।

उनी कतारको स्नेहीया राइट साइड स्टेट नं. ४५ क्याम्पको कतार मास्टर कम्पनीमा काम गरिरहेको कुरा धनुषा प्रहरीले अनुसन्धानको क्रममा पत्ता लगाई उनलाई कतारबाट पक्राउ गरेर ल्याउन नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, इन्टरपोल शाखालाई पत्राचार गरेको थियो । राजीवलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास तथा पक्राउ गर्नका लागि 'रेड कर्नर नोटिस' जारी गरी उनलाई तालुक कार्यालयको समन्वयमा नेपाल ल्याइएको थियो ।

मनिष कुमार मण्डल अझै पनि खुलेआम घुमिरहेको भन्दै उसलाई नेपाल प्रहरीले पक्राउ गर्नुपर्ने माग पीडित परिवारजनको रहेको छ । मृतक मण्डलको ९ वर्षीय एक छोरा र ६ वर्षीया छोरी रहेको छ । उनका दाइको पनि केही दिन अघि जनकपुरधाम उपमहानगरपालिका-४ क्याम्पस चोकस्थित विद्युतको करेन्ट लागि मृत्यु भएको थियो ।

श्वेतालाई ज्यान मार्ने प्रयास

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठाका एक महिलालाई उनको ससुरा,सासु र श्रीमानूले आगो लगाएर ज्यान मार्ने प्रयास गरेको आरोप लगाइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका-२० रुपैठाका शिवशंकर झा उनका श्रीमती र उनका छोरा राजीब झाले आगो लगाई गम्भीर घाइते बनाएको २८ वर्षीया श्वेता झाले आरोप लगाएकी छन् ।

आगोले जलेर श्वेताको शरीरको ३५ प्रतिशत भागमा गम्भीर घाउ भएको प्रादेशिक अस्पताल जनकपुरधामले जनाएको छ । वर्न कक्षमा उपचाररत रहेकी उनको अवस्था मध्यम बताइए पनि छातीको तल्लो भागदेखि तिघ्रासम्मको भाग जलेको देखिएको छ ।

बैशाख १ गते नै घटना भएको तर पीडक ससुरा शिवशंकर र श्रीमान् राजीबले घटनाबारे सबैले थाहा पाउने भयका कारण उपचारको लागि समेत घरबाट बाहिर निस्कन नदिएको आरोप श्वेताको भनाइ छ ।

श्वेताले भनिन्,'आगो लागेपछि म अचेत भएको थिएँ त्यतिकैमा मेरो ९ वर्षीया छोराले आमालाई जलाइ दियो भनेर मामा अमित झालाई फोन गरेको थियो तर फोन गर्दा गर्दै श्रीमानले त्यो फोन खोसेका थिए' तर पनि भारतको बिहारको दरभंगा जिल्लाको कोठियाबाट श्वेताको बुवा जय कुमार झासहितका व्यक्तिहरु आएर उनलाई तत्काल भारतको दरभंगामा उपचारको लागि लगेका थिए ।

त्यसपछि उनलाई कानूनी रुपमा

आधिकारिकताका लागि सरकारी अस्पतालमा उपचार गराउनुपर्छ भन्ने आफ्न्तहरुले सुझाव दिएपछि जनकपुरधाम स्थित जानकी हेल्थ केयरमा उपचारको लागि लगिएको श्वेताको बुवा जय कुमार झाले बताए । त्यसपछि पुनःअधिवक्ताहरुले सल्लाह दिएपछि अहिले श्वेताको उपचार प्रादेशिक अस्पताल जनकपुरधामको वर्न कक्षमा भइरहेको छ ।

श्वेताले सासु,ससुरा र श्रीमानलाई कडा कारबाही हुनुपर्ने माग गरेकी छन् । उनको एउटा ६ वर्षीया छोरी र ९ वर्षीया छोरा रहेको छ । बिहे भएको दशकभन्दा बढी समय बितिसक्दा पनि पटक-पटक श्रीमानूले दाईजोमा विभिन्न सामानहरुको माग गर्ने गरेको र नदिएपछि विगतमा पनि पटक पटक कुटपिट गरेको दुखेसो उनले सुनाइन् ।

श्वेतालाई उनका माइती पक्षकै व्यक्तिहरुले उपचारमा सहयोग गरिरहेका छन् भने आरोपि ससुराली पक्षका व्यक्तिहरुले श्वेतालाई हेर्न समेत नआएको उनका बुवा जय कुमारले बताए ।

उनले भने,'हामी भारतका हौं र यहाँको कानूनी उपचारबारे अनभिज्ञ छौं वकिलहरुसंग सल्लाह लिएका छौं छिट्टै मुद्दा दिने तयारी गर्दैछौं।' श्वेतालाई मात्र होइन राजीबले अबोध बालबालिका (छोराछोरीलाई) समेत कुटेर तर्साउने गरेकोले बच्चाहरुलाई पनि श्वेताले माइतमै पठाएकी छन् ।

यता घटनाबारे जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी वेदप्रसाद गौत्तमलाई सोध्दा यसबारे अहिलेसम्म कुनै जानकारी नआएको बताए ।

लाखौंको सामान बरामद

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको विभिन्न स्थानबाट भन्सार छली गरी नेपाल ल्याउँदै गरेको लाखौंको सामान नियन्त्रणमा लिइएको छ ।

बर्दिबास नगरपालिका-५ अन्तर्गत पर्ने पूर्व-पश्चिम लोक राजमार्ग सडक खण्डमा सर्लाहीबाट सिन्धुलीतर्फ जाँदै गरेको ना.३ ख.७६९२ नम्बरको बसलाई अस्थाई प्रहरी पोष्ट माईस्थान महोत्तरीबाट खटिएका प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा लेडिज सुट-६० पिस, धनिया-३ बोरा र सुकेको खुर्सानी-१ बोरा गरी ६४ हजार ८ सय ८० रुपियाँ बराबरको सामानहरु नियन्त्रणमा लिइएको छ ।

त्यसैगरी,बिहीबार पिपरा गाँउपालिका-४ स्थित भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली गरी विभिन्न किसिमका कपडाहरु ल्याउँदै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय सहोड्वा महोत्तरीबाट खटेको प्रहरी टोलीले ३५ हजार बराबरको सामान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

त्यस्तै, जलेश्वर नगरपालिका-३ स्थित भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली गरी विभिन्न किसिमका किरानाको सामानहरु तथा विभिन्न किसिमको पलम्बरको सामाहरु समेत ल्याउँदै गरेको अवस्थामा प्रहरी चौकी भिठ्ठामोड महोत्तरीबाट खटिएका प्रहरी टोलीले ५६ हजार ४ सयको सामान नियन्त्रणम लिएको जनाइएको छ ।

त्यसैगरी, बिहीबार दिउँसो बर्दिबास नगरपालिका-३ बि.पि.राजमार्ग सडक खण्डमा ईलाका प्रहरी कार्यालय बर्दिबास महोत्तरीबाट खटिएका प्रहरी टोलीले विभिन्न सवारी साधनहरुको चेकिङको क्रममा सडकको दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको प्र.३-०१-००३ क ७१०७ नम्बरको ट्रकलाई रोकि चेकजाँच गर्दा उक्त ट्रकमा लोड गरी लैजाँदै गरेको ३८ लाख बराबरको फलामको पाइपहरु नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिइएको सामानहरु आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइने जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

"We are proud Motherteresians"
MOTHER TERESA PUBLIC SCHOOL (P) LTD.
MTPS JANAKPUR Estd. 2050 B.S.
ADMISSION OPEN
FOR PG TO GRADE SEVEN
OUR FACILITIES
- WELL EQUIPPED COMPUTER LAB
- CCTV EQUIPPED
- CO-CURRIICULAR ACTIVITIES
- WELL QUALIFIED & EXPERIENCED TEACHING FACULTY
- INSTALLING LIFE SKILLS
- TRANSPORT FACILITY
- VARIOUS INDOOR GAMES
- PG/NURSERY AC CLASSROOMS
- LOVING & CARING ATMOSPHERE
- PURE MINERAL DRINKING WATER
MOTHER TERESA PUBLIC SCHOOL 2050 30 YEARS ANNIVERSARY 2080
KISHORI NAGAR, JANAKPURDHAM
☎041-590761, Mob.-9801663854
E-mail :- mtpsschool1@gmail.com

आवश्यकता
जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
कम्प्युटर अपरेटर - २ (दुई) जना
सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

बालबालिकालाई स्तनपान किन गराउने ?
- आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- स्तनपानले आमालाई स्तर र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८